जिल्ला वस्तुगत विवरण कास्की-२०८०

(District Profile of Kaski-2024)

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय तथ्याङ्क कार्यालय

तथ्याङ्क कार्यालय, कास्की

पुम्दिकोट महादेव मन्दिर

जिल्ला वस्तुगत विवरण, कास्की-२०८०
(District Profile of Kaski-2024)



कास्की जिल्लाको जनसंख्या पिरामिड,२०७८

प्रकाशक

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय

तथ्याङ्क कार्यालय, कास्की

२०८०

प्रकाशकः- तथ्याङ्क कार्यालय, कास्की

फोन नं.- ०६१-४५५३१३

Email: sokaski313@gamil.com
Web site: www.sokaski.nsonepal.gov.np

कार्यालय रहेको स्थानः- पोखरा-७, रत्नचोक

प्रकाशन वर्षः- २०८० चैत्र

प्रकाशनः- २५० प्रति

सर्वाधिकार ©
तथ्यांक कार्यालय, कास्की, पोखरा

मुद्रकः-
न्यू सृजना छापाखाना पोखरा-८, गणेश जाल्पा मार्ग
फोन नं. ०६१-५७३३२९, ९८५६०२२७५५

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय

फोन ४२४५९४६
४२४५९४७
४२४५९४८
४२४५८४८
४२४१८०१
४२२८४०६

फ्याक्स: १७७-१-२२७३२०
पो.ब.नं. ११०३१
रामशाहपथ
थापाथली, काठमाडौं

पत्र संख्या:
च.नं.:-

शुभकामना सन्देश

राष्ट्रिय तथ्याङ्क कार्यालयअन्तर्गत रहेका तथ्याङ्क कार्यालयहरूले आआफ्नो कार्यक्षेत्र रहेका जिल्लाहरूको जिल्ला वस्तुगत विवरण (Distrcit Profile) प्रकाशन गर्न लागेको सन्दर्भमा कार्यालयको तर्फबाट शुभकामना दिन चाहन्छु। यस प्रकाशनले सम्बन्धित जिल्लाको स्थानीय तह, सरकारी कार्यालय, संघसंस्था, सञ्चार जगत, अध्येता र आम प्रयोगकर्ताको समयसापेक्ष एवम् खण्डीकृत तथ्याङ्कको मागलाई सम्बोधन गर्ने विश्वास लिएको छु। स्थानीय तहको नीतिनिर्माण, निर्णय प्रक्रिया र योजना तर्जुमामा यस वस्तुगत विवरणमा समाविष्ट तथ्याङ्कहरू उपयोगी हुने अपेक्षा राखेको छु।

यस वस्तुगत विवरणको तयारी र प्रकाशनमा तथ्याङ्क संकलनदेखि, सम्पादन र प्रकाशनको चरणसम्म संलग्न तथ्याङ्क कार्यालयका कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु। आगामी दिनमा यसका नवीन र परिमार्जित संस्करण प्रकाशन हुने विश्वास लिएको छु। भविष्यमा यसका परिमार्जित संस्करणहरूको प्रकाशनका लागि पाठकहरूबाट सदाझैं रचनात्मक सुझाव र प्रतिक्रिया प्राप्त हुने विश्वास लिएको छु।

कार्तिक, २०८०

तोयम राया
प्रमुख तथ्याङ्क अधिकारी

नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय

कास्की

पत्र संख्या : ०८०/०८१

शुभकामना

तथ्याङ्क कार्यालय कास्कीले कास्की जिल्लाको जनसांख्यिक, सामाजिक, आर्थिक, वातावरणीय, भौतिक पूर्वाधारको अवस्था लगायतका समग्र पक्षहरुको जानकारी गराउने उद्देयले समष्टिगत एकीकृत अध्यावधिक तथ्याङ्क एवम् विवरण समावेश गरी ***जिल्ला वस्तुगत विवरण कास्की-२०८०*** प्रकाशन गर्न लागेकोमा मलाई खुशी लागेको छ।

कास्की जिल्ला मानवीय श्रोत र प्राकृतिक श्रोतसाधनको दृष्ट्रीले धनी रहेको जिल्ला हो । यहाँ रहेका श्रोतसाधनहरुको पहिचान गरी उचित रुपमा परिचालन गर्न सके जिल्ला आफैमा आत्मनिर्भर बन्न सक्ने देखिन्छ। त्यस तर्फ अगाडि बढाउन यस प्रकाशनले राष्ट्रिय तथ्याङ्क कार्यालय, काठमाडौ र तथ्याङ्क कार्यालय कास्कीले प्रकाशन गरेका विभिन्न गणना र सर्वेक्षणहरुबाट प्राप्त तथ्याङ्कको अतिरिक्त जिल्ला स्थित विभिन्न कार्यालय, स्थानीय तह र संघसंस्थाहरुमा छरिएर रहेका प्रशासनिक अभिलेख, प्रतिवेदन र प्रकाशनहरुमा आधारित सूचना तथा खण्डीकृत तथ्याङ्कहरुको एकिकृत विवरण रहेकोले सबै सरोकारवाला निकाय र व्यक्तिहरुलाई उपयोगी सामाग्रीको श्रोत बन्न सक्ने आशा लिएको छु।

यो प्रकाशन तयार गर्न अग्रणी भुमिका खेल्ने तथ्याङ्क कार्यालय, कास्की तथा यसका लागि आवश्यक सुचना तथा तथ्याङ्क उपलब्ध गराउने सम्पूर्ण कार्यालय, संघसंस्था तथा महानुभावहरु प्रति हार्दिक आभार प्रकट गर्दछु।

अन्तमा, भित्री र बाहिरी दुवै आँखाले कास्की जिल्लाको तस्विर पढ्न सकिने गरी तयार गरिएको यस वस्तुगत विवरणले कास्कीलाई नजिकबाट बुझ्न खोज्ने, अध्ययन अनुसन्धान गर्न खोज्ने जो सुकैलाई सहयोगी सामाग्री हुन सक्नेछ भन्ने विश्वासका साथ हार्दिक शुभकामना व्यक्त गर्दछु।

मिति : २०८० फाल्गुण ३० गते बुधबार।

.....

बासुदेव घिमिरे

प्रमुख जिल्ला अधिकारी

बासुदेव घिमिरे
प्रमुख जिल्ला अधिकारी

सम्पर्क नं : ०६१ ४६९७६४, ४६६०७६, ४६६९३६ इमेल daokaski@gmail.com

वेभ साईट www.daokaski.moha.gov.np

दुई शब्द

तथ्य र प्रमाणमा आधारित योजना र नीतिनियम बनाउनु आजको आवश्यकता हो । खण्डिकृत तथ्याङ्कको अभाव, प्रशोधन र व्यवस्थापनमा भएको कमी कमजोरीसँगै तथ्याङ्क प्रयोगमा देखिएको अभावले हाम्रा योजनाहरू बारम्बार असफल भई अधिकतम स्रोत साधनहरु परिचालन गर्नु पर्ने अवस्थामा रहेका पाइन्छन् । तथ्याङ्क देशको सामाजिक तथा आर्थिक विकासका लागि योजना तर्जुमा, अध्ययन, अनुसन्धान गर्न अति नै उपयोगी हुन्छ। तथ्यांकको सही विश्लेषणले मानिसको आवश्यकता पहिचान, सेवासुविधाको पहुँचका साथै संकट पूर्वानुमान र रोकथामका लागि ठूलो भूमिका खेल्ने हुनाले तथ्यांक अंकहरुको संग्रह र कम्प्युटरमा भण्डारण गरिएका नम्बरहरू मात्रै नभइ तथ्याङ्कसंग सम्बन्धित विषयहरुमा मानवीय क्रियाकलाप, समाजको सामाजिक, आर्थिक तथा वातावरणीय अवस्था र हामीले प्रयास गरेका विकास निर्माणहरुका उपलब्धीहरुको वास्तविक चित्रण हो भन्न सकिन्छ।

सरकारी क्षेत्रको प्रमुख आधिकारिक निकायको रुपमा रहेको राष्ट्रिय तथ्यांक कार्यालयबाट संचालन हुने राष्ट्रिय स्तरका गणना र सर्वेक्षणहरुको श्रोतका अतिरिक्त जिल्ला स्थित विभिन्न सरकारी कार्यालय तथा संघसंस्थाहरुको प्रशासनिक रेकर्ड समेत यस वस्तुगत विवरणमा समावेश गर्ने प्रयास गरिएको छ । तथ्यांकको उपलब्धता र पहुँच सबैलाई सहज बनाउनका लागि निरन्तर रुपमा जिल्ला तहबाट प्रयास गरिएको सन्दर्भमा तत्कालिन केन्द्रीय तथ्याङ्क विभाग र हालको राष्ट्रिय तथ्याङ्क कार्यालयले संचालन गरेका नेपालका ठूला गणना र सर्वेक्षणहरु सम्पन्न भई नतिजाहरु समेत आएको र जिल्लामा खण्डिकृत तथ्याङ्कको माग बढ्दै गएकोले यसलाई प्राथमिकतामा राखी यो वस्तुगत विवरण प्रकाशन गर्ने जमर्को गरिएको हो ।

यस कार्यलाई शुरुवात गर्न राष्ट्रिय तथ्यांक कार्यालयका श्रीमान् प्रमुख तथ्याङ्क अधिकारी तोयम रायज्यू, उप-प्रमुख तथ्याङ्क अधिकारीज्यू र योजना शाखाका निर्देशकहरु श्री राजन सिलवाल र पद्मराज पाण्डेज्यूहरु र त्यस शाखाका अधिकृतहरु लगायत अन्य सम्पूर्ण कर्मचारीहरुले दिनुभएको दिशानिर्देश, हौसला तथा उत्प्रेरणा प्रति आभारी छु । तयारीको क्रममा कास्की जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री बासुदेब घिमिरेज्यूले दिनु भएको हौसला तथा प्रशंसा र जिल्ला स्थित विभिन्न कार्यालय तथा संघसंस्थाका प्रमुखज्यूहरु र तथ्याङ्क उपलब्ध गराउनु हुने सम्पुर्ण महानुभावहरु प्रति कृतज्ञ छु । त्यसैगरी तथ्याङ्क कार्यालय कास्कीमा कार्यरत रहनु भएका तथ्याङ्क अधिकृत श्री जीवनाथ आचार्य, लेखापाल श्री प्रकाश सुवेदी, गणकहरु श्री सरिता शर्मा र श्री केदार बन्जारा, खरिदारहरु श्री इन्द्र प्रसाद अर्याल र श्री ममता अर्याल, कार्यालय सहयोगीहरु श्री कृष्ण प्रसाद चालीसे र श्री गोविन्द प्रसाद जैसी र हलुका सवारी चालक श्री ऋषिराम पौडेलले जिल्लामा छरिएर रहेका तथ्याङ्क संकलन गर्न महत्वपूर्ण भूमिका निभाउनु भएकोले उहांहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

अन्तमा, तथ्याङ्क कार्यालय कास्कीले प्रकाशन गरेको जिल्ला वस्तुगत विवरण, कास्की-२०८० ले तथ्याङ्क भण्डारणमा सहयोग पुऱ्याउनुको साथै तथ्याङ्क प्रयोगकर्ताहरुको माग सम्बोधन भई सरोकारवाला सबैलाई सहयोगी सामाग्रीको रुपमा रहने छ भन्ने मैले विश्वास लिएको छु । धेरै क्षेत्रहरुबाट समावेश भएका तथ्याङ्कहरुमा कमी कमजोरी हुन सक्दछन् । यसलाई समय सापक्ष गराउदै देखिएका त्रुटीहरुलाई सुधार गर्दै आगामी प्रकाशनहरुमा परिस्कृत गर्दै निरन्तरता दिन सकिनेमा सरोकारवाला सबैसंग निवेदन गर्दछु ।

जगुलाल बस्याल
निर्देशक

मिति: वि.सं.२०८०, चैत्र

विषयसूचि

विषय पेज नं.

संक्षिप्त शब्दहरुको पुर्ण अर्थ
कास्की जिल्ला संक्षिप्त झलक
खण्ड १ वस्तुगत विवरण परिचय....१
१.१ पृष्ठभूमि....१
१.२ उद्देश्य....१
१.३ तयारी विधि....२
१.४ तयारी सीमा....२
खण्ड २ जिल्ला परिचय....३
२.१ भौगोलिक अवस्थिति....३
२.२ राजनैतिक तथा प्रशासनिक विभाजन....३
२.३ जिल्लाको नामकरण....४
२.४ ऐतिहासिक सन्दर्भ....४
२.५ वर्तमान परिचय....५
२.६ जलवायु....६
२.६.१ तापक्रम....६
२.६.२ वर्षा....८
२.७ जग्गा तथा जमिन....८
२.७.१ जमिनको भौतिक स्थिति....८
२.७.२ भू-उपयोग....१०
२.७.३ जग्गाको प्रकार....१०
२.७.४ जग्गाको उर्वराशक्ति....११
२.८ जलभण्डार....११
२.९ वनस्पति तथा वन्यजन्तु....१३
२.१० जातजाति....१४
२.११ चाडपर्व....१४
२.१२ धार्मिक परम्परा, संस्कृति, कला, भाषा र साहित्य....१४
२.१३ प्रमुख पर्यटकीय स्थल....१५
२.१४ महत्त्वपूर्ण धार्मिक तथा सांस्कृतिक स्थल....१६
खण्ड ३ जनसांख्यिक तथ्याङ्क....१७
३.१ जनसंख्या र घरपरिवार....१७
३.२ धर्म अनुसार जनसंख्या....२२
३.३ जातजाति अनुसार जनसंख्या....२३
३.४ मातृभाषा अनुसार जनसंख्या....२६

३.५ जन्म र बसाइ सराइको आधारमा जनसंख्या २७
३.६ आवास र घरपरिवारको सेवा सुविधा ३०
३.७ घर सम्बन्धी विवरण ३३
३.८ बैकिङ सेवा, ऋण र प्राविधिक तालिम लिएका परिवार ३५
३.९ स्थानीय तह अनुसार जनसंख्या ३६
३.९.१ वडा अनुसार जनसंख्या ३६
३.९.२ जातजाति अनुसार जनसंख्या ३८
३.९.३ मातृभाषा अनुसार जनसंख्या ४४
३.९.४ वडा अनुसार सेवा सुविधा ४७
खण्ड ४ शैक्षिक तथ्याङ्क ६८
४.१ साक्षरता ६८
४.२ शैक्षिक संस्था ६९
४.२.१ विद्यालय र क्याम्पस ६९
४.२..२ पृथ्वीनारायण क्याम्पस ७३
४.२.३ पोखरा विश्वविद्यालय ७५
४.३ सार्वजनिक पुस्तकालय ७६
४.४ खेलकूद ७६
खण्ड ५ स्वास्थ्य तथ्याङ्क ७८
५.१ स्वास्थ्य कार्यालय ७८
५.२ पश्चिमाञ्चल गण्डकी अस्पताल ८३
५.३ मातृ शिशु मितेरी अस्पताल ८७
५.४ गण्डकी आयुर्वेद औषधालय ८८
५.५ क्षयरोग उपचार केन्द्र ८९
५.६ स्वास्थ्य सम्बन्धी पूर्वाधार ८९
खण्ड ६ आर्थिक क्रियाकलाप र रोजगारी ९६
६.१ आर्थिक रूपले सक्रिय जनसंख्या ९६
६.२ राष्ट्रिय आर्थिक गणना २०७५ ..... ९९
६.३ व्यावसायिक तथा सिप विकास तालिम १०२
खण्ड ७ कृषि, वन तथा वातावरण तथ्याङ्क १०३
७.१ कृषि १०३
७.१.१ प्रशासनिक कृषि तथ्याङ्क १०३
७.१.२ राष्ट्रिय कृषि गणनाबाट प्राप्त तथ्याङ्क ११०
७.२ वन तथ्याङ्क ११५
७.३ भू-संरक्षण ११७
७.४ तालतलैया ११८

७.५ खानी तथा खनिज १२०
७.६ फोहरमैला उत्पादन तथा व्यवस्थापन १२०
खण्ड ८ उद्योग तथा वाणिज्य १२२
८.१ उद्योग १२२
८.२ वाणिज्य १२४
८.३ सहकारी संस्था १२५
८.४ प्रमुख बजार, सपिङ कम्प्लेक्स/मल १२६
८.५ बैकिङ सेवा १२७
खण्ड ९ भौतिक पूर्वाधार १२८
९.१ सडक १२८
९.२ विद्युत १३०
९.३ खानेपानी सुविधा १३१
९.४ हुलाक सेवा १३४
९.५ टेलिफोन १३४
९.६ आमसञ्चार सेवा १३४
९.७ खेलकुद सम्बन्धी पूर्वाधार १३९
९.८ केबलकार १३९
९.९ पुल १४०
९.१० बसपार्क १४०
९.११ इन्टरनेटप्रदायक १४०
९.१२ सार्वजनिक शौचालय १४०
९.१३ वस्ती विकास १४०
९.१४ घर नक्सा पास १४३
खण्ड १० सार्वजनिक यातायात १४४
१०.१ स्थल यातायात सेवा १४४
१०.१.१. बस सेवा १४४
१०.१.२ ट्याक्सी सेवा १४६
१०.२ हवाई यातायात १४७
१०.३ जल यातायात १४८
खण्ड ११ पर्यटन तथा मनोरञ्जन १४९
११.१ प्रमुख पर्यटकीय स्थल १४९
११.२ पदमार्ग १५४
११.३ होटल तथा रेष्टुरेन्ट १५६
११.४ होमस्टे १५९
११.५ संग्रहालय १६०

११.५ मनोरञ्जन स्थल तथा क्रियाकलाप.....१६१
खण्ड १२ स्थानीय प्रशासन तथा शान्ति सुरक्षा १६४
१२.१ जिल्ला प्रशासन कार्यालय, कास्की १६४
१२.२ शान्ति सुरक्षा १६९
खण्ड १३ कानुन तथा न्याय १७६
खण्ड १४ सार्वजनिक सेवा प्रवाह गर्ने निकाय.....१८२
१४.१ सरकारी कार्यालय १८२
१४.२ गैरसरकारी संघसंस्था १८६
१४.३ स्थानीय तहमा भएका असल अभ्यास १८६
खण्ड १५ आवधिक निर्वाचन १८८
१५.१ क्रियाशील राजनैतिक दल.....१८८
१५.२ आवधिक निर्वाचन २०७९ .....१८८
१५.२.१ प्रतिनिधि सभा १८८
१४.२.२ प्रदेश सभा १९०
खण्ड १६ विविध.....१९५
१६.१ बजेट विनियोजन तथा खर्च १९५
१६.२ गण्डकी प्रदेशको कूल गार्हस्थ्य उत्पादन (GDP).....१९६
१६.३ मानव विकास १९८
१६.४ गरिबीको अवस्था.....१९८
१६.५ राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रमुख प्रकाशनहरु १९९
१६.६ आधिकारिक (सरकारी) तथ्याङ्कका आधारभूत सिद्धान्तहरु १९९
१६.७ मालपोत २००
१६.८ व्यक्तिगत घटना दर्ता.....२०१
१६.९ सामाजिक सुरक्षा भत्ता वितरण २०२
१६.१० विपद प्रकोप.....२०४
१६.११ भुकम्प २०५
१६.१२ बीमा सम्बन्धी.....२०६
१६.१३ तथ्याङ्क कार्यालय कास्कीः- एक परिचय.....२०७
अनुसूचिः १ प्रमुख शब्दावलीहरुको अवधारणा र परिभाषा
सन्दर्भ सामाग्रीहरु

संक्षिप्त शब्दहरुको पुर्ण अर्थ

अ.ता.	अधिकतम तापक्रम
आ.व.	आर्थिक वर्ष
एच.आइ.भि.	ह्युमन इम्युन डिफिसियन्सी भाइरस
ए.मा.ले.	एकिकृत माक्सवादी लेलिनवादी
एस्.एल.सि.	स्कुल लिभिङ्ग सर्टिफिकेट
क्र.सं.	क्रम संख्या
का.स.	कार्यालय सहयोगी
कि.मि.	किलोमिटर
कि.वा.	किलो वाट
के.जि.	किलोग्राम (अंग्रेजी शब्दबाट लिइएको)
के.त.वि.	केन्द्रीय तथ्यांक विभाग
क्वि.	क्विन्टल
गा.वि.स.	गाउँ विकास समिति
ग.प्र.	गण्डकी प्रदेश
डि.से.	डिग्री सेल्सियस
जि.स.स.	जिल्ला समन्वय समिति
टि.टि.	टिटानस टक्साइड
टि.बि.	ट्युबरक्लोसिस (क्षयरोग)
प्र.	प्रतिशत
प्रा.लि.	प्राइभेट लिमिटेड
पो.उ.म.न.पा.	पोखरा उपमहानगरपालिका
व.मि.	वर्ग मिटर
वि.वि.	विश्व विद्यालय
वि.सं.	विक्रम सम्वत
मा.वि.	माध्यमिक विद्यालय
मा.	माननीय
मि.	मिटर
मि.मि.	मिलीमिटर
मे.टन.	मेट्रिक टन
मे.वा.	मेघा वाट (विद्युत क्षमता मापन गर्ने एकाई)
न.पा.	नगरपालिका
नं.	नम्बर
नि.मा.वि.	निम्न माध्यमिक विद्यालय
ने.क.पा.	नेपाल कम्युनिष्ट पार्टी
न्यू.ता.	न्यूनतम तापक्रम
रा.त.का.	राष्ट्रिय तथ्याङ्क कार्यालय
सि.नं.	सिरियल नम्बर (अंग्रेजी शब्दबाट आयातित जसको अर्थ "क्रम संख्या" भन्ने हुन्छ)
सा. आ.	सापेक्षित आद्रता
हे.	हेक्टर
NSO	National Statistics Office

कास्की जिल्ला संक्षिप्त झलक

अवस्थितिः-	देशान्तर- ८३°४०' देखि ८४°१२' पूर्व सम्म र अक्षांश- २८°०६' देखि २८°३६' उत्तर सम्म ।
क्षेत्रफलः-	२०१७ वर्ग कि.मी. उचाईः- न्यूनतम ४५० मीटर देखि ८०९१ मीटर (अन्नपूर्ण प्रथम हिमाल)
हिमालः-	अन्नपुर्ण प्रथम (८०९१ मीटर), अन्नपुर्ण दोस्रो (७९३७ मीटर), अन्नपुर्ण तेस्रो (७५५५ मीटर), अन्नपूर्ण चौथौ (७५२५ मीटर), अन्नपूर्ण दक्षिण (७२१९ मीटर) र माछापुच्छ्रे (६९९३ मीटर)
हावापानीः-	न्यूनतम तापक्रम-२°, अधिकतम तापक्रम- ३६°, वार्षिक औषत वर्षाः-४२१८ मि.मि. (सन् २०२३)
स्थानीय तहः-	१. पोखरा म.न.पा. २. मादी गा.पा. ३. माछापुच्छ्रे गा.पा. ४. अन्नपूर्ण गा.पा. ५. रुपा गा.पा.
वडा संख्याः-	पोखरामा- ३३, मादीमा-१२, माछापुच्छ्रेमा.-९, अन्नपूर्णमा-११ र रुपामा.-७ गरी ७२ वटा वडा ।
निर्वाचन क्षेत्रः-	प्रतिनिधि सभाको निर्वाचन क्षेत्रः- ३ वटा, प्रदेश सभाको निर्वाचन क्षेत्रः - ६ वटा
जम्मा घर र जनसंख्याः-	घर संख्या- १,४२,६९८, परिवार संख्या- १,६०,६५१, जनसंख्या-६,००,०५१ जना
बस्ती अनुसार जनसंख्याः-	शहरी बस्ती-५३.०%, शहरोन्मुख बस्ती -३०.१% र ग्रामीण बस्ती-१६.९%
पालिका अनुसार जनसंख्याः	पोखरा म.न.पा.-५,१३,५०४, मादी गाउपालिका-१६,१४२, रुपा गा.पा.-१४,८९१, माछापुच्छ्रे गा.पा.-२२,८९८, अन्नपूर्ण गा.पा.-२२,०९९, संस्थागत-१०,५१७
परिवारमा सुविधाः-	बिजुलीबाट बत्ती बाल्ने- ९९.३७%, धारा/पाइपबाट खानेपानी सुविधा भएको- ८१.४६%, स्मार्ट मोवाइल फोन भएका- ८८.३२%, इन्टरनेट सुविधा भएका- ६५.९२%, सौचालय सुविधा भएका -९९.७२%, खाना पकाउन एल.पी.ग्यास प्रयोग गर्ने- ८३.२५%
साक्षरता दरः-	जम्मा- ८७.७३%, महिला- ८२.३९% र पुरुष- ९३.४१%
विद्यालय संख्याः-	बाल विकास केन्द्र-३७७, सामुदायिक-३७५, संस्थागत-२५९, जम्मा- १०११ वटा ।
+२ र क्याम्पसः-	प्राविधिक शिक्षालय-२२, क्याम्पस-३७ र कक्षा ११ र १२ पढाइ हुने शैक्षिक संस्था-१७५

स्वास्थ्य संस्थाः-	अस्पताल-४६, पोलिक्लिनिक-२०, डेन्टल क्लिनिक-६२, स्वास्थ्य क्लिनिक-७२, एक्स रे सेवा -७ र ल्याब प्याथोलोजी- २१ वटा
प्रतिष्ठान संख्याः-	आर्थिक कारोबार गर्ने- ३०,७४५, पर्यटन तथा उद्योग कार्यालयमा दर्ता भएका-१७,५४४
बेरोजगार जनसंख्याः-	जम्मा बेरोजगार- ८.७ %, पुरुष बेरोजगार- ७.४%, महिला बेरोजगार- १०.४%
कृषि कार्यः-	कृषक परिवार ५३२२८ (३३.१%), आफ्नो कृषि उत्पादनबाट खान पुग्ने परिवार- ३९.९% सिंचाइ सुविधा भएको जग्गाः- करिब ५३.८ प्रतिशत ।
बनको क्षेत्रफलः-	सरकारद्बारा व्यवस्थित वन- ४४५६.०६ हेक्टर, सामुदायिक वन- २१,७६५.६१ हे., संरक्षित वन- २४६२.९९ हे., धार्मिक वन- ११.२० हे., निजी वन- २४.४५ हे.
प्रमुख तालः-	फेवा, वेगनास, रुपा, दिपाङ, खास्टे, गुँदे, निउरेनी, कमलपोखरी र मौदी ।
सडकको लम्बाईः-	कालोपत्रे/ढलान- १११९.९५ कि.मी., ग्राभेल- ४७४.९ कि.मी., कच्ची/माटे-७१२.३४ कि.मी. जम्मा लम्बाई- २३०७.२४ कि.मी.
स्थल यातायात सेवाः-	पृथ्वीराजमार्ग बस सञ्चालक कम्पनी प्रा.लि मार्फत दैनिक ४२३ वटा रुटमा करिब ४५० वटा साधन सञ्चालन भएका, पोखरा यातायात प्रा.लि. मार्फत दैनिक ३७८ वटा बस सञ्चालन भएका, पोखरामा र पोखराबाट सञ्चालन भएका टयाक्सी- २५०० वटा
हवाइ यातायात सेवाः-	पोखराबाट दैनिक काठमाडौं, भैरहवा, नेपालगञ्ज, भरतपुर र जोमसोम संचालन हुने ।
आमसञ्चारः-	दैनिक पत्रिका-१० वटा, साप्ताहिक पत्रिका-९ वटा, पाक्षिक पत्रिका- १, मासिक पत्रिका- १, स्थानीय टेलिभिजन-४ वटा, अनलाइन-९१ वटा, एफ.एम.रेडियो-२७ वटा ।
पर्यटक स्थलः-	फेवाताल, वेगनासताल, रुपाताल, बिन्धवासिनी मन्दिर, पुम्दीकोट शिवालय, तालबाराही मन्दिर, पाताले छागो, गुप्तेश्वर महादेव, सराङकोट, शान्तीस्तुपा, काहुँडाँडा, महेन्द्रगुफा, मट्टीखान टावर, भद्रकाली गुम्बा, कास्कीकोट गुप्तकाली मन्दिर, फोक्सिङ, धम्पुस, ढिकुरपोखरी, काँढे, पञ्चासे, लुम्ले, घान्द्रुक, सिक्लेस, कोरी, अर्मलाकोट, सेतीनदी, अन्नपूर्ण हिमऋृंखलाको दृष्य, माछापुच्छ्रे हिमालको दृष्य आदि ।

पर्यटन पूर्वाधारः-	जम्मा होटल संख्या-१२०० वटा, बेडसंख्या-४०,००० वटा, पाँच तारा-१, चारतारा- ४, दुई तारा-४, डिलक्स रिसोर्ट-७, लक्जरी रिसोर्ट- ७, पर्यटकीय स्तर होटल-३८४, गैरपर्यटकीय होटल-७९३, होमस्टे-४९, ट्राभल एजेन्सी-१६५, ट्रेकिङ एजेन्सी-१५८
स्वास्थ्य वीमाः	स्वास्थ्य वीमा गरेको जनसंख्या करिब ४३.३ प्रतिशत
गण्डकी प्रदेशः-	
क्षेत्रफलः-	२१,७३३ वर्ग कि.मी., जिल्लाः- ११ वटा, जम्मा पालिका- ८५, महानगरपालिका-१, नगरपालिका-२६, गाउँपालिका-५८
जम्मा घर र जनसंख्याः-	घर संख्या- ७,७६,६८६, परिवार संख्या- ६,६२,४८०, जनसंख्या-२४,६६,४२७ जना
साक्षरता दरः-	जम्मा साक्षरता- ८१.७%, पुरुष साक्षरता - ८८.८%, महिला साक्षरता- ७५.४%
मानव विकास सूचकांकः-	०.६१८ (सन् २०२०), गरिबी दर- ११.८८% (आ.व. २०७९/८०)
कूल गार्हस्थ्य उत्पादन (GDP) -	करिब रु. ४ खरब ८२ अरब (आ.व. २०७९/०८० को अनुमान)

खण्ड १ वस्तुगत विवरण परिचय

१.१ पृष्ठभूमि

तथ्याङ्क ऐन २०७९ मा भएको व्यवस्था बमोजिम तथ्याङ्क कार्यालय, कास्कीले विकास निर्माणमा सहयोग पुऱ्याउनको लागि पछिल्ला राष्ट्रिय गणना र सर्वेक्षणहरुका तथ्याङ्क र जिल्लामा उत्पादन हुने प्रशासनिक तथ्याङ्क संकलन गरी नियमित रुपमा अद्यावधिक गर्दै जिल्लाको वस्तुस्थिति झल्किने गरी जिल्ला वस्तुगत विवरण तयार गर्नु पर्दछ । त्यसै अनुरुप तथ्याङ्क कार्यालय कास्कीले विगतमा "कास्की जिल्ला वस्तुगत विवरण २०६२ र २०७१" र " गाउँपालिका/नगरपालिकाको वस्तुगत विवरण, कास्की, २०७४" प्रकाशन गरेको थियो । जिल्लामा खण्डिकृत एकिकृत तथ्याङ्कको माग बृद्धि हुदै गएकोले जिल्ला वस्तुगत विवरणलाई अद्यावधिक गर्दै लैजानु पर्ने खाँचो रहेको सन्दर्भमा " जिल्ला वस्तुगत विवरण, कास्की- २०८०" तयार गरिएको हो ।

वैज्ञानिक योजना पद्धति र नीति निर्माणका लागि भरपर्दो आधार तथ्याङ्क आवश्यकता पर्दछ । वस्तुगत विवरण तयारीमा जति व्यापक तथा भरपर्दा तथ्याङ्क तथा सूचनाहरु समावेश गर्न सक्यो त्यति नै बढी तथ्याङ्क प्रयोगमा आउन सक्दछ । यस बस्तुनिष्ठ तथ्यलाई मध्यनजर गरी जिल्ला स्थित विषयगत कार्यालयहरु र सरोकारवाला सवैलाई योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन प्रक्रियालाई सहयोगी भुमिका रहने गरी तथ्याङ्क कार्यालय कास्कीमा उपलब्ध भएका तथ्याङ्क र जिल्लामा उत्पादन भएका सामाजिक, आर्थिक, शैक्षिक, स्वास्थ्य, शैक्षिक, प्रशासनिक, वातावरणीय आदि सूचना, अभिलेख, रेकर्ड, प्रतिवेदन, अध्ययन अनुसन्धान गरिएका तथ्याङ्कहरु संकलन गरी ब्यवस्थित गर्ने कार्य अगाडि बढाइएको छ । यस पुस्तकमा समावेश गरिएका तथ्याङ्क तथा सूचनाबाट जिल्ला तथा पालिकामा नीति निर्माण गर्न, आवधिक योजना तयारी गर्न र विकासमा चासो राख्ने जो कोहीलाई सहयोगी सामाग्री हुनेछ । यस वस्तुगत विवरणले राष्ट्रिय योजना आयोगले तयार गर्ने राष्ट्रिय योजनाको नीति तथा गण्डकी प्रदेश नीति तथा योजना आयोगले तयार गर्ने नीतिलाई कास्की जिल्लाको विकासमा टेवा दिनेछ । बस्तुनिष्ट तथा तथ्यपरक आवधिक योजना निर्माणमा जिल्ला र स्थानीय तहमा रहेका मौजुदा प्राकृतिक तथा मानवीय श्रोत साधनहरुको पहिचान गरी उपलब्ध श्रोतसाधन समयमै परिचालन गर्दै लैजान योजना तर्जुमा गर्ने प्रकृयासगै विकास योजनाहरुको अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा समेत तथ्याङ्क र सूचनाका माध्यमद्वारा दिगो विकासको गतिमा प्रणालीगत जग बसाल्ने आशा गरिएको छ ।

१.२ उद्देश्य

यस जिल्लाको वस्तुगत विवरणले जिल्लाको स्थितिको बोध मात्र नगरी भविष्यमा जिल्लामा तय गरिने जुनसुकै योजना तथा कार्यक्रमको निर्माणसंग कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन प्रणाली जस्ता कुराको पनि लेखाजोखा गर्न सक्नेछ । यस जिल्ला वस्तुगत विवरणका निम्न उद्देश्यहरु रहेका छन ।

१. जिल्लाको संक्षिप्त चिनारी गराई विद्यमान अवस्थाहरुको तथ्य चित्रण गर्ने,
२. जिल्ला भित्रका श्रोत, साधनहरुको समष्टिगत विवरण प्रस्तुत गर्ने,
३. जिल्लाको दिर्घकालिन योजना तथा नीति निर्माण गर्न सहयोग पु-याउने,
४. जिल्ला स्थित सवै सरोकारवालाहरुलाई तथ्यांकीय सूचना दिई तथ्यांकीय ज्ञान बृद्धि गर्न सहयोग पुऱ्याउने,
५. जिल्लाको बारेमा अध्ययन तथा अनुसन्धान गर्ने अनुसन्धानकर्ता, योजनाकार, संघ/संस्था एवं

जिल्लाको विकासमा जिज्ञासा राख्ने जो कोही व्यक्तिहरुलाई महत्वपूर्ण क्षेत्र, सम्भावना र समस्याहरुको वारेमा अवगत गराउने उपयोगी सामाग्रीको रुपमा प्रस्तुत गर्ने ।

१.३ तयारी विधि

वस्तुगत विवरणको तयारी विधि निम्नानुसार रहेको छ ।

१. विषयगत कार्यालय तथा विभिन्न संघसस्थाहरुबाट उपलब्ध भएको द्वितीय श्रोतको तथ्याङ्कलाई आधार मानी विवरणहरु समावेश गरिएको छ ।
२. तथ्यांक कार्यालय कास्कीमा रहेका विभिन्न तथ्याङ्क, अभिलेख, प्रकाशन एवं प्रतिवेदनहरुको तथ्याङ्क समावेश गरिएको छ ।
३. राष्ट्रिय जनगणना, कृषिगणना, ओद्यौगिक गणना तथा सर्वेक्षण, आर्थिक गणना आदिका नतिजाहरु समावेश गरिएको छ ।
४. सम्बन्धित निकाय र जानिफकार व्यक्तिहरुसंग समय—समयमा तथ्याङ्कको वास्तविकताको सन्दर्भका बारेमा छलफल गरी उपयुक्त तथ्याङ्क तथा विवरण समावेश गरिएको छ ।
५. जिल्ला स्थित विभिन्न कार्यालयबाट प्रकाशित प्रगति प्रतिवेदन, अभिलेख, उपलब्ध विवरण, स्थानीय तहका प्रतिवेदन र विभिन्न निकायबाट प्राप्त प्रकाशन एवं प्रतिवेदनहरुको आधार लिई यो वस्तुगत विवरण तयार गरिएको छ ।

१.४ तयारी सीमा

साविकको केन्द्रीय तथ्याङ्क विभाग र हालको राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्रकाशित तथ्याङ्क, कास्की जिल्लास्थित विभिन्न सरकारी निकाय तथा संघ संस्थाहरुबाट प्राप्त सुचना, तथ्याङ्क, प्रकाशन, प्रतिवेदन, अभिलेख, जानकारी आदिको तथ्याङ्कीय श्रोतको सीमामा रही यो वस्तुगत विवरण तयार गरिएको छ । वस्तुगत विवरण तयारीमा प्रयोग गरिएका तालिकाहरुमा राखिएका विवरण कुन निकायको हो र तथ्याङ्क संकलन कुन बर्ष गरेको हो भन्ने खुलाईएको छ । तयार गर्ने क्रममा विभिन्न तहमा छरिएका श्रोत र विभिन्न कार्यालय तथा संघसंस्थाबाट तथ्याङ्क संकलन गर्नु परेकोले श्रोत नै पिच्छे तथ्याङ्कहरु बाझ्ने स्थिति समेत रहेको र अन्य कतिपय ब्यवहारिक कठिनाईहरुले केहि महत्वपूर्ण तथ्याङ्कहरु अझै पूर्ण रुपमा समावेश गर्न सकिएको छैन् । साथै तयारीको क्रममा तालिकाहरुमा राखिएका विवरणहरुको विष्लेणात्मक टिप्पणी तथा जानकारी लेखनमा विषयगत क्षेत्रको जानकारी राख्ने सम्बन्धित निकायसंग सहकार्य गर्ने समय अभाव र जिल्लास्थित कार्यालय, स्थानीय तह र संघसंसथाहरुमा सूचना तथा अभिलेख प्रणाली पूर्ण रुपमा व्यवस्थित भई नसकेकोले जिल्ला वस्तुगत विवरणको लेखन ढाँचामा समेत नयाँपनको कमी रहेको महशुस गरिएको छ । यसमा तयार गरिएका तालिकहरुमा अधिकांश विवरणहरु गत आर्थिक वर्ष २०७९/८० सम्मका समावेश गरिएकोले आउँदा दिनहरुमा थपिन सक्ने तथ्याङ्क तथा सूचनाहरु प्रयोगकर्ताको मागको आधारमा समय क्रममा अद्यावधिक गर्दै लैजानु पर्ने हुन्छ, जसलाई आउँदा प्रकाशनहरुमा समीक्षा गरी तयारीको सीमालाई समयानुकूल गरिनेछ ।

खण्ड २ जिल्ला परिचय

२.१ भौगोलिक अवस्थिति

तालिका नं. २.१ कास्की जिल्लाको भौगोलिक अवस्थिति

क्र.सं.	विवरण	मान	
१	अक्षांश	२८° ०६' देखि २८° ३६' उत्तरी अक्षांश ।	
२	देशान्तर	८३° ४०' देखी ८४°१२' पूर्वि देशान्तर ।	
३	सिमाना	पूर्व	लमजुङ र तनहुं जिल्ला ।
		पश्चिम	स्याङजा र पर्वत जिल्ला ।
		उत्तर	मनाङ र म्याग्दी जिल्ला ।
		दक्षिण	स्याङजा र तनहुं जिल्ला ।
४	क्षेत्रफल	२०१७ वर्ग कि.मी.	
५	औषत लम्बाई	करिब ६३ कि.मी. (हवाई दुरीमा)	
६	औषत चौडाई	करिब ५० कि.मी. (हवाई दुरीमा)	

श्रोतः- गाउँपालिका/नगरपालिकाको वस्तुगत विवरण, कास्की- २०७४, तथ्याङ्क कार्यालय,कास्की

२.२ राजनैतिक तथा प्रशासनिक विभाजन

यस जिल्लामा १ (एक) महानगरपालिका र ४ (चार) वटा गाउँपालिकाहरु स्थानीय तहमा विभाजन गरिएको छ । स्थानीय तहको रुपमा यस जिल्लालाई पोखरा महानगरपालिकामा ३३ वटा वडा र ४ वटा गाउँपालिकामा ३९ वटा वडा गरी जम्मा ७२ वटा वडामा विभाजन भएको छ । जिल्लाको स्थानीय तह अनुसारको विवरण यस प्रकार रहेको छ ।

तालिका नं. २.२ कास्की जिल्लाको राजनैतिक तथा प्रशासनिक विभाजन

क्र.सं.	स्थानीय तहको नाम	वडा संख्या	क्षेत्रफल (वर्ग कि.मी).
१	मादी गाउँपालिका	१२	५६३
२	माछापुच्छ्रे गाउँपालिका	९	५४४.५८
३	अन्नपूर्ण गाउँपालिका	११	३५०.३७
४	पोखरा महानगरपालिका	३३	४६४.२४
५	रुपा गाउँपालिका	७	९४.८१
जम्मा		**७२**	**२०१७**

श्रोतः जिल्ला समन्वय समितिको कार्यालय, कास्की,२०८०

तालिका नं.२.३ कास्की जिल्लाको निर्वाचन क्षेत्र अनुसार विभाजन

प्रतिनिधि सभा सदस्य निर्वाचन		प्रदेश सभा सदस्य निर्वाचन	
क्षेत्र नं.	प्रतिनिधि सभाको क्षेत्र	क्षेत्र नं.	प्रदेश सभाको क्षेत्र
१	रुपा गा.पा. मादी गा.पा. पोखरा महानगरपालिका वडा नं. १०, १२, १३, १४, २६, २७, २८, २९, ३०, ३१ र ३२	१ (क)	रुपा गा.पा. र पोखरा महानगरपालिका वडा नं. २६, २७, २९, ३०, ३१ र ३२
		१ (ख)	मादी गा.पा. र पोखरा महानगरपालिका वडा नं. १०, १२, १३, १४ र २८
२	पोखरा महानगरपालिका वडा नं. ४, ७, ८, ९, ११, १५, १६, १७, २०, २१ र ३३	२ (क)	पोखरा महानगरपालिका वडा नं. ७, १५, १७, २१ र ३३
		२ (ख)	पोखरा महानगरपालिका वडा नं. ४, ८, ९, ११, १६ र २०
३	अन्नपूर्ण गा.पा. माछापुच्छ्रे गा.पा. र पोखरा महानगरपालिका वडा नं. १, २, ३, ५, ६, १८, १९, २२, २३, २४ र २५	३ (क)	माछापुच्छ्रे गा.पा. र पोखरा महानगरपालिका वडा नं. १, २, ३, १८, १९ र २५
		३ (ख)	अन्नपुर्ण गा.पा. पोखरा महानगरपालिका वडा नं. ५, ६, २२, २३ र २४

श्रोतः- प्रदेश निर्वाचन कार्यालय, पोखरा, २०८०

२.३ जिल्लाको नामकरण

यस जिल्लाको नाम "कास्की" रहनुमा विभिन्न कथनहरु पाइएका छन् । तिनीहरुमा निम्न कथनहरु प्रमुख रहेका छन् ।

१. काश्यप ऋषिले कास्कीकोटमा वसी "काश्यप समिता" नामक अमूल्य आयुर्वेदिक ग्रन्थ रचना गरेका र काश्यप ऋषिको तपोभूमी रहेको कारण उहाँ कै नामबाट अपभ्रंस भई कास्की नाम रहन गएको ।

२. पहेलो कपडा लगाउने सन्यासीहरूलाई काषायकी भनिने र त्यस्ता सन्यासीहरूको बसोवास क्षेत्र रहेकाले सोही नामबाट अपभ्रंस भई कास्की नाम रहन गएको ।

३. प्राकृतिक खनिज श्रोत प्रशस्त मात्रामा पाईने ठाँउलाई कोषकास भनिने र यस जिल्लामा प्राकृतिक खनिज श्रोत प्रशस्त पाईने अर्थमा सोही शब्दबाट अपभ्रंस भई कास्की नाम रहन गएको ।

४. कासैकासको टार र पाटन रहेको कारण कास्की नाम रहन गएको ।

५. तमु भाषामा "कास" भन्नाले कछाड "खिब" भन्नाले लगाउने अर्थात कछाड लगाउनेहरू बस्ने ठाँउ भन्ने अर्थमा कास्की नाम रहन गएको ।

६. जिल्लाको मध्यभागमा रहेको कास्कीडाँडा र कास्कीकोटबाट नै कास्की जिल्लाको नाम रहन गएको कुरा नेपाल एकीकरणको सन्दर्भमा निकै प्रचलित शब्द "त्रिशक्ति" मध्येको एउटा राज्य कास्की भएबाट यो भाग ऐतिहासिक भएको पुष्ट्याईं मिल्दछ ।

२.४ ऐतिहासिक सन्दर्भ

यद्यपि जिल्लाको ऐतिहासिक रुपरेखा र नामांकन सम्बन्धमा कुनै आधिकारिक एवं भरपर्दो अभिलेख प्राप्त भएको छैन तापनि हाल सम्म प्राप्त विभिन्न अभिलेख र जानिफकार व्यक्तिहरुको कथन समेतको

आधारमा यस जिल्लामा प्रागः ऐतिहासिक काल (**Pre-historic period**) देखि नै मानव बसोबास रहेको अनुमान छ । नेपालको ईतिहासको प्राचिनकालमा कास्की जिल्ला केन्द्रीय शासनकै अधिनमा रहेको थियो । मल्लकालको शुरुवात पश्चात बिक्रमको बाह्रौ शताब्दीसम्म पनि कर्णाली प्रदेशमा खसहरूको प्रभाव फैलिनु पूर्व कास्की केन्द्र कै अधिनमा रहेको थियो । बिक्रम सम्वतको बाह्रौंदेखि चौधौं शताब्दीसम्म खसिया मल्लहरूको शक्ति मजबुत भई कास्की त्यसबेला खसिया मल्लहरूको अधिनमा रहेको मानिन्छ । खस मल्लहरूको पतनपछि शाहबंशीय ठकुरी राजाहरूको उदयकालसम्म कास्कीमा गुरुङहरूको शासन रहेको कुरा इतिहासमा उल्लेख गरिएको पाइन्छ ।

बिचित्रखान देखि सिद्धि नारायण शाहसम्म कास्कीमा ठकुरी शाहबंशको शासन चल्यो । शाह बंशकै अधिनमा चौबिसे राज्य अन्तर्गत पर्ने यो राज्य शाहबंशीय तत्कालिन राजा श्री ५ पृथ्वी नारायण शाहद्वारा थालिएको एकिकरण अभियानकै क्रममा वि.सं १८४२ मा राजेन्द्रलक्ष्मीको नायवीकालमा विशाल नेपालमा बिलय भयो । सन् १८४६ को कोत पर्वपछि नेपालमा राणाशासन शुरुवात पश्चात सन् १८५७ मा जंगबहादुर राणा शक्तिशाली बनी कास्की र लमजुङको श्री ३ महाराज बन्न पुगे । २००७ सालमा प्रजातन्त्रको उदय पश्चात कास्कीले राणा प्रधानमन्त्रीको बिशेष अधिकारबाट मुक्ति पायो ।

२.५ वर्तमान परिचय

नेपालको गण्डकी प्रदेशका ११ जिल्ला मध्ये कास्की जिल्ला एक सुगम पहाडी जिल्ला हो । यो जिल्ला नेपालको भूगोलको केन्द्र भाग (Centroid) स्थित विश्व प्रशिद्ध अन्नपूर्ण हिमश्रृंखलाको दक्षिणी काखमा अवस्थित रहेको छ । यस जिल्लाको सम्पूर्ण भू–भागलाई सप्तगण्डकी प्रवाह प्रणाली अन्तरगत सेतीगण्डकी, मोदी, मादी र तिनका सहायक नदी र खोलाहरुले प्रवाहित गरेका छन् । यस जिल्लाको सदरमुकाम समुन्द्र सतहबाट करिब ७५० मिटर उचाईमा रहेको गण्डकी प्रदेशको केन्द्र पोखरा रहेको छ । यस जिल्लाको आकार करिब वर्गाकार रहेको छ भने फैलावट करिब ६३ कि.मी.को हवाई दुरीमा पूर्व–पश्चिम र करिब ५० कि.मी.को हवाई दुरीमा उत्तर दक्षिण रहेको छ । यो जिल्ला समुन्द्र सतहबाट न्यूनतम करिब ४५० मिटर (मादी नदीको किनार) देखि अधिकतम करिब ८,०९१ मिटर (अन्नपूर्ण प्रथम हिमाल) सम्म उचाईमा रहेको छ । यस जिल्लामा ११ वटा हिमशिखरहरु ७,००० मिटर भन्दा बढी उचाईमा रहेका छन् । ति हिमालहरु मध्ये उत्तर पश्चिम सिमानामा रहेको अन्नपूर्ण प्रथम (८,०९१ मिटर) र उत्तरी मध्य भागमा रहेको माछापुच्छ्रे (कुमारी चुचुरा Vergin Peak, ६,९९३ मिटर) प्रख्यात रहेका छन् । उत्तरको अन्नपूर्ण श्रृंखला सधै हिउँले ढाकी रहन्छ । उत्तर तर्फको मनमोहक हिम श्रृखंला, सेती नदीको गहिरो गल्छी, पाताले छागो, प्राकृतिक गुफाहरु र फेवातालमा माछापुच्छ्रेको प्रतिविम्व यस जिल्लाका आभूषण तथा पर्यटकलाई आकर्षण गराउने महत्वपूर्ण प्राकृतिक सम्पदा तथा निधिहरु हुन ।

यस जिल्लाको क्षेत्रफल २०१७ वर्ग कि.मी. रहेको छ । जनसंख्यामा नेपालको दोश्रो ठूलो शहर, नेपालको दोस्रो ठूलो ताल 'फेवाताल' र नौ तालको शहरको रुपमा परिचित र क्षेत्रफलमा नेपालको सवै भन्दा ठूलो महानगरपालिका पोखरा महानगरपालिका यसै जिल्लामा पर्दछ । पर्यटन, वाणिज्य, शिक्षा र स्वास्थ्य सम्बन्धी सेवा र सुविधाले सम्पन्न पोखरा शहरले नेपालको एक सुन्दर, सफा र व्यवस्थित नगरको रुपमा पहिचान राखेको छ । नेपालमा आउने विदेशी पर्यटकहरुलाई काठमाण्डौ उपत्यका बाहिरको रोजाईमा पोखरा प्रमुख गन्तव्य स्थलको रुपमा रहदै आएको छ ।

२.६ जलवायु

कास्की जिल्लाको भू–धरातलीय बनावटमा पाइने विषमतासगै हावापानीमा पनि बिविधता पाइन्छ । दक्षिणी होचो मैदानी र नदीका बेसीहरुमा गृष्मकालमा गर्मी र हिउँदमा चिसो हुन्छ भने उत्तरी हिमाली भेगमा गृष्मकालमा चिसो र हिँउदमा ठण्डा हुन्छ । पोखरा उपत्याका आसपास र गाउँपालिकाहरुका अधिकांश क्षेत्रहरुमा समशितोष्ण खालको हावापानी पाईन्छ । जिल्लामा अधिकतम तापक्रम अप्रिल, मे, जुन र जुलाई महिनाहरुमा करिब ३४ डि.से.सम्म र न्यूनतम तापक्रम डिसेम्बर र जनवरीमा करिब ३ डि.से.सम्म पोखरा बरावरको भूभागमा रेकर्ड भएको पाईन्छ । हिम श्रृंखलाको नजिक र हिउले ढाकेको क्षेत्र तथा बस्तीहरुमा यो भन्दा धेरै कम तापक्रम रहेको हुन्छ । कास्की नेपालको अन्य ठाउँको तुलनामा बढी पानी पर्ने क्षेत्र हो भने लुम्लेमा सवै भन्दा बढी बर्षा हुने गर्दछ । कास्की जिल्लाको सम्पूर्ण भागमा वार्षिक ४,५०० मि.मि. भन्दा बढी वर्षा हुन्छ । प्रायः धेरै वर्षा हुने मौसम बैशाख–जेष्ठ महिनामा शुरु भै भाद्र–आश्विनमा समाप्त हुने र गर्मी महिनाको तुलनामा जाडो महिनामा कम बर्षा हुने गर्दछ । उच्च हिमाली भागमा हिउँको वर्षा (Snow fall) हुन्छ । तापक्रम, वर्षा र मौसमको वितरणका आधारमा जिल्लामा निम्न पाँच प्रकारका हावापानी रहेको पाइन्छ ।

१. उप–उष्ण जलवायु (Sub-tropical climate)

जिल्लाको दक्षिणी भागमा होचो क्षेत्रमा १५०० मीटर उचाई सम्म पाइन्छ ।

२. समशीतोष्ण (Temperate climate)

मध्य पहाडी क्षेत्रका १५०० मीटर देखि २००० मीटर सम्मको उचाई क्षेत्रमा पाइन्छ ।

३. समशीतोष्ण चिसो (Temperate cold climate)

पहाडी क्षेत्रका २००० मीटर देखि ३००० मीटर सम्मको उचाईमा यो पाइन्छ । जिल्लाको प्रायः जसो यस क्षेत्रमा मिश्रित कोणधारी जंगल फैलिएको छ ।

४. चिसो लेकाली हावापानी (Alpine climate)

३००० मीटर देखि माथी ४५०० मीटर सम्म उच्च लेकाली हावापानी पाइन्छ । यो क्षेत्र हिउँदमा हिउँ भित्र रहन्छ भने गृष्ममा न्यानो रहन्छ । घाँस, जडिवुडी र चरनका लागि यो क्षेत्र अति उपयोगी छ ।

५. उच्च हिमाली हावापानी (Tundra climate)

४५०० मीटर भन्दा माथि सधै भरी हिउँले ढाक्ने क्षेत्रमा यो क्षेत्र पर्दछ । यस क्षेत्रका प्रमुख हिमालहरुमा अन्नपुर्ण प्रथम (८०९१ मीटर), अन्नपुर्ण दोस्रो (७९३७ मीटर), अन्नपुर्ण तेस्रो (७५५५ मीटर), अन्नपूर्ण चौथौ (७५२५ मीटर), अन्नपूर्ण दक्षिण (७२१९ मीटर) र माछापुच्छ्रे (६९९३ मीटर) रहेका छन् ।

२.६.१ तापक्रम

कास्की जिल्लाको पुरानो एयरपोर्टमा मापन गरिएको रेकर्ड अनुसार सन् २०११ देखि २०२३ सम्मको अधिकतम र न्यूनतम तापक्रममा करिब समान जस्तै देखिन्छ । विगत १३ वर्षको अवधिमा अधिकतम तापक्रम सवै भन्दा बढी सन् २०२३ जुनमा ३६.० डिग्री सेल्सियस सम्म र न्यूनतम तापक्रम सवै भन्दा कम सन् २०१२ जनवरी १२ गते २ डिग्री सेल्सियस सम्म रेकर्ड भएको देखिन्छ ।

तालिका नं.२.४ सन् २०११ -२०२३ सम्मको पोखराको वर्ष अनुसार अधिकतम र न्यूनतम तापक्रम

वर्ष (सन्)	अधिकतम		न्यूनतम	
	तापक्रम (डिग्री से.)	महिना र गते	तापक्रम (डिग्री से.)	महिना र गते
२०११	३३.०	जुन-२२	२.८	डिसेम्बर-२५
२०१२	३४.२	मे-३०	२.०	जनवरी-१२
२०१३	३३.०	अप्रिल-१२	२.४	जनवरी-१०
२०१४	३४.५	मे-११	३.८	जनवरी-१०
२०१५	३४.२	जुन-८	४.०	डिसेम्बर-२४
२०१६	३५.०	अप्रिल-२९	६.६	जनवरी-२४
२०१७	३३.९	जुलाई-१९	३.८	जनवरी-१४
२०१८	३४.५	जुलाई-२०	३.५	जनवरी-९
२०१९	३५.०	अगस्त-१२	३.२	डिसेम्बर-२७
२०२०	३४.७	अगस्त-४	३.८	जनवरी-२०
२०२१	३४.७	मे-२४	४.४	जनवरी-१
२०२२	३४.८	जुलाई-१५	४.५	जनवरी-२७
२०२३	३६.०	जुन	४.५	जनवरी

श्रोतः जल तथा मौसम विज्ञान कार्यालय,पोखरा-२०८०

तालिका नं.२.५ मापन केन्द्र अनुसारको सन् २०२३ को तापक्रम र सापेक्षिक आद्रता

स्टेशन	पोखरा			मालेपाटन			लुम्ले		
महिना	अ.ता. (डि.से.)	न्यू.ता. (डि.से.)	सा.आ. (%)	अ.ता (डि.से.)	न्यू.ता. (डि.से.	सा.आ. (%)	अ.ता (डि.से.)	न्यू.ता. (डि.से.)	सा.आ. (%)
जनवरी	२६.०	४.५	७२.४	२४.५	२.२	७४.१	२०.५	२.०	६८.७
फेब्रुअरी	२७.८	८.८	६७.७	२६.०	६.५	६५.०	२०.५	५.०	६९.८
मार्च	२७.८	१०.२	६६.६	२८.०	८.३	६४.५	२१.५	६.८	७०.७
अप्रिल	३३.४	९.६	५७.८	३३.५	९.७	५४.२	२७.२	७.०	६०.५
मे	३३.८	१३.८	६७.७	३४.०	१३.५	६६.०	२७.१	१०.४	७१.८
जुन	३६.०	१७.५	६९.८	३५.५	१५.७	६८.१	२७.६	११.५	८४.५
जुलाई	३३.६	१८.८	८१.७	३४.२	२१.५	७८.८	२७.०	१७.०	९६.९
अगस्त	३२.६	२१.३	८६.२	३२.७	२१.५	८४.०	२७.०	१७.०	९७.०
सेप्टेम्बर	३२.८	२०.३	८१.७	३२.६	१९.६	७८.९	३४.२	१६.०	९६.०
अक्टुबर	३०.७	१३.०	७८.४	३०.३	१०.२	७६.८	२६.०	१०.०	९६.९
नोभेम्बर	२६.७	११.८	७४.८	२७.०	१०.०	७८.२	२१.४	८.०	९२.३
डिसेम्बर	२४.४	७.०	७६.१	२४.०	४.३	८२.४	२०.०	४.०	८५.२

श्रोतः जल तथा मौसम विज्ञान कार्यालय,पोखरा-२०८०

२.६.२ वर्षा

तालिका नं.२.६ मापन केन्द्र अनुसारको सन् २०२३ को मासिक कूल वर्षा (मि.मि.)

महिना	स्टेशनको नाम						
	पोखरा	मालेपाटन	लुम्ले	पाउदुर	बेगनास	भदौरे	घलेखर्क
जनवरी	०.०	०.०	०.०	०.०	०.०	०.०	०.०
फेब्रुअरी	३३.५	३४.१	१४.०	१६.५	१८.९	२०.१	४९.२
मार्च	१७२.२	१४६.८	१२८.३	१२८.६	१८९.०	१२७.१	१५१.२
अप्रिल	१००.५	६२.३	७९.५	७२.८	६२.७	७०.७	१००.९
मे	२३५.६	२६९.६	२०५.१	२२५.७	२८९.९	१६१.१	३५६.६
जुन	६२१.५	५९७.९	७५७.७	८३१.५	३५२.६	६२९.४	६४८.१
{जुलाई	८७०.४	१०७६.९	११५६.०	१३७२.८	८२३.०	१०९२.७	१३१८.३
अगस्त	८१३.१	१२३०.१	१३७६.९	१६९६.२	८७०.६	११७२.२	११३८.३
सेप्टेम्बर	३०६.६	५६२.०	७३९.७	७४५.९	३१९.९	५६९.८	५२५.३
अक्टुबर	२९८.८	३६३.७	१६२.७	१९४.५	२२९.६	२७७.२	२०४.२
नोभेम्बर	०.५	०.०	४.५	३३.२	१२.५	०.०	०.३
डिसेम्बर	१.०	१.५	१.०	०.०	०.०	०.०	३.३
जम्मा	**३४५३.७**	**४३४४.९**	**४६२५.४**	**५३१७.७**	**३१६८.७**	**४१२०.३**	**४४९५.७**

श्रोतः जल तथा मौसम विज्ञान कार्यालय,पोखरा-२०८०

२.७ जग्गा तथा जमिन

२.७.१ जमिनको भौतिक स्थिति

(क) भू–क्षेत्र-

मुख्यतः जिल्लाको भू–भाग पहाडी र उच्च हिमाली क्षेत्रमा फैलिएर रहेको छ । भौगोलिक बनावटको आधारमा जिल्लालाई पाँच प्रमुख क्षेत्रमा बिभाजन गर्न सकिन्छ ।

१. उच्च हिमाली पत्रे तथा परिवर्तित चट्टानी क्षेत्र

समुन्द्र सतहदेखि ४००० मी. भन्दा माथिको भाग वर्षभरी हिउँले ढाक्ने भू–भाग यस अन्तगत पर्दछ ।

२. घनपोखरा समूह क्षेत्र

यो क्षेत्र अत्यन्त कमजोर भू–वनोट अन्तर्गत पर्दछ । यसै क्षेत्रमा Main Central Thrust भनिने सम्वेदनशील भौगोलिक जोर्नीका पेटीले जिल्लाको लगभग १५०० देखि २००० मीटरको उचाई क्षेत्रमा पूर्व–पश्चिम काटेको छ । यो क्षेत्र पहिरो जाने र भूकम्पको केन्द्र विन्दुको लागि अत्यन्त प्रमुख मानिन्छ । त्यसैले ठूला निर्माण कार्यको लागि यस क्षेत्रमा ठूलो सावधानी लिनु पर्ने देखिन्छ ।

३. नाउँडाँडा समूह क्षेत्र

यो क्षेत्र घनपोखरा समूहको दक्षिणमा अवस्थित छ । यसमा खासगरी कमजोर चट्टान वाहुल्य छ । यो क्षेत्रमा अति वर्षा हुने हुँदा पहिरो जाने वढी सम्भावना रहन्छ ।

४. सेती समूह क्षेत्र

यो समूह खास गरी पोखरा उपत्यकामा अवस्थित छ । प्राचिन समयमा माछापुछ्रे देखि उत्तर तर्फको ठूलो हिउँ बाँध (Morainic Dam) फुटेर अकस्मात पोखरा उपत्यकामा रोडा र गिटि थुप्रिन गई निर्माण भएको समतल नदीका टार क्षेत्र र गण्डकीका विभिन्न तह यस समूहमा पर्दछन् । यसमा पनि निर्माण समयावधीका आधारमा कुनै निकै पुराना छन् र त्यहाँ भुङ्गान (भ्वाङ) पर्ने क्रिया देखिन्छ भने कुनै नयाँ र कठोर सिमेन्टेड (गेडुला ढुङ्गाको जमोट) अवस्थामा छन् । भुगर्भ वेत्ताहरूले यसलाई पनि विभिन्न उप–समूहमा राखी पोखरा उपत्यकाको वस्ती आयोजनालाई सुझाव दिएका छन् ।

५. अन्य समूह क्षेत्र

यसमा जिल्लाको दक्षिणी भागमा वर–साम्मी मटिखाना र पश्चिममा उल्लेरी निर्माण समूह पर्दछन् । यी क्षेत्रमा सामान्य फिलाइट समूहका चट्टान छन् । अन्य पहाडी क्षेत्रको तुलनामा केही स्थिर भू–वनोट छ ।

(ख) भू–सतह-

जिल्लाको भू–बनोटको विविधतासगै यसको भू–सतह (Land Surface) मा पनि विविधता पाईन्छ । भू–सतहको बनोटका आधारमा जिल्लाको भू–भागलाई तीन प्रमुख क्षेत्रमा विभाजन गर्न सकिन्छ । ति क्षेत्र देहाय बमोजिम रहेका छन् ।

१.उच्च हिमाली क्षेत्र (High Himalayan Massit-HHM)

समुन्द्री सतहबाट लगभग ३५०० मीटर देखि माथीको भू–भागलाई यस समूहमा राख्न सकिन्छ । अधिक उचाईको कारण यस भन्दा माथि लामो समय हिउँले ढाकिरहन्छ । जिल्लाको सम्पूर्ण भू–भाग अन्नपूर्ण श्रृंखलाको दक्षिणी मोहोडामा परेको हुँदा स्थायी हिमरेखा (Permanent Snow Line) ४५०० मीटरको उचाई भन्दा माथि रहेको छ । स्थायी हिमरेखा माथि वर्ष भरी हिउँ रहेतापनि यस क्षेत्रको तल्लो सिमान्त भू–भागमा अस्थायी हिउँ पर्ने प्रक्रिया चलि रहन्छ । यस क्षेत्रको माथिल्लो भागमा भोजपत्र, धुपी र काँडेदार झाडी पाइन्छ भने तल्लो समथर भू–भागमा घाँसे चरन क्षेत्र रहेको छ । यस क्षेत्रका बासिन्दाहरुको गृष्मकालमा (असार–असोज सम्म) भेडा गोठ राख्ने प्रचलन रहेको छ ।

२. मध्यवर्ती पहाड तथा डाँडाहरू (Middle Mountain and Hills)जिल्लाको ३५०० मीटर देखि तल भिरालो पाखा तथा होंचा डाँडाहरू यस क्षेत्रमा पर्दछन् । खास गरी होंचो पहाडी पाखा नदी निर्मित टार तथा उपत्यकामा आएर समाहित हुने हुँदा यी भिराला पाखाहरू एकाएक अति जटिल र संवेदनशील छन् । यी पहाडी पाखामा होंचा र समथर भागमा मानव वस्ती र खेतीपाती गर्ने क्षेत्र रहेको छ भने अग्ला भागमा चरन, जंगल र भिरालो ठाउँमा भीर तथा पाखा रहेका छन् । यी क्षेत्रमा प्राचिन कालदेखि मानव वस्तीको लागि उपयुक्त हावापानी पाईने हुँदा पुराना वस्तीहरू केन्द्रीत रहेका छन् । कमजोर र भिराला ठाउँका मानव वस्ती र मानिसका क्रियाकलापको अधिक चापका कारण यो क्षेत्र निकै सम्वेदनशील रहेको छ ।

३. पहाडी फेदी तथा मैदानी उपत्यका (Foot-hill and valley)

भिराला पाखाहरूको तल्लो भाग तथा नदी र खोलाहरूको किनारी समथर भाग यस क्षेत्रमा पर्दछ । पोखरा उपत्यका आसपासको क्षेत्र देखि कोत्रेखोला सम्म, मर्दी, याम्दी, हर्पन, विजयपुर, दोभान र स्याङखुदी खोलाहरूको तल्लो भाग र त्यस्तै सुरौदी खोलाको वेसी, मादी नदीको वेसी र मोदी नदीको वेसी जिल्लाका अरु मैदानी भाग हुन् । यी क्षेत्रमा प्राय नदीले थुपारेका बलौटे, पाँगो र तलैया माटो भएको कारण उत्पादनका लागि ज्यादै

राम्रो रहेको छ । यसै क्षेत्रका केही भागहरु नदी कटान र वाढीका लागि ज्यादै सम्वेदनशील मानिन्छ । पहाडका फेदीमा मध्यवर्ती भिराला पाखाबाट आएको पहिरोले पुर्ने क्रम चलिरहन्छ । मर्दी र ईदी खोला, हर्पनखोला, स्याङखुदी र दोभान खोला यसका प्रत्यक्ष उदाहरण हुन् । ऐतिहासिक कालमा यो क्षेत्रमा मानव वस्ती पातलो रहेकोमा हाल यस क्षेत्रमा मानवीय सेवा सुविधाको पहुँचसंगै बसाईसराईमा बृद्धि भई घना बस्तीहरु विस्तार हुदै गएका छन् ।

२.७.२ भू-उपयोग

कास्की जिल्लाको जम्मा क्षेत्रफलको करिव ३७ प्रतिशत जमिन वन जंगलले ढाकेको छ भने २४ प्रतिशत जमिनमा खेती गरिएको छ । खेती नगरेको जमिन मध्ये ६.५ प्रतिशत जमिन खेती गर्न लायक र १०.६ प्रतिशत जमिन आवास क्षेत्रले ढाकेको छ ।

तालिका नं.२.७ भू-उपयोगको किसिम अनुसार जमिनको क्षेत्रफल

सि.नं.	भू-उपयोगको किसिम	क्षेत्रफल	
		हेक्टर	प्रतिशत
१	खेती गरिएको क्षेत्र	४८९६२	२४.३
२	खेती गर्न लायक	१३२००	६.५
३	बन जंगल	७५२६३	३७.३
४	चरन, झाडी, बुट्यान	२३९४२	११.९
५	आवास क्षेत्र	२१३८५	१०.६
६	हिउँले ढाकेको क्षेत्र	११५१६	५.७
७	अन्य (नदी,खोला, सडक, बाटो, बाँझो जमिन)	७४३२	३.७
जम्मा		२०१७००	१००

श्रोतः- गाउँपालिका/नगरपालिकाको वस्तुगत विवरण, कास्की-२०७४, तथ्याङ्क कार्यालय, कास्की

२.७.३ जग्गाको प्रकार

कास्की जिल्लामा रहेको जग्गाको क्षेत्रफल नापी भए अनुसार निम्न प्रकारको रहेको छ ।

तालिका नं.२.८ जिल्लाको जग्गाको प्रकार अनुसार क्षेत्रफल

क्र.सं.	जग्गाको प्रकार	क्षेत्रफल (रोपनीमा)
१	धान अबल	१९४७५–६–३–३
२	धान दोयम	९९५७७–११–१–३
३	धान सीम	१६५९५५–४–०–१
४	धान चाहार	११२३७२–३–३–३
५	पाखो अबल	६६४९३–८–२–०
६	पाखो दोयम	१३०१७६–७–३–०
७	पाखो सीम	१००४३८–३–१–२

८	पाखो चाहार	१०५५३७–१५–२–१
९	सरकारी जग्गा	१५२४६–६–०–०
१०	मिनाहा जग्गा	८२७२१०–६–१–०
११	गुठी जग्गा	२३७२–१३–३–१
१२	दर्ता बाँकी जग्गा	१०७००२–११–७–१
१३	गौचरण जग्गा	३६३१–१३–३–२
१४	ऐलानी जग्गा	६८४३–१३–३–०
जम्मा		**१७६२३३४–१४–१–१**

श्रोतः नापी कार्यालय, कास्की,२०७९

२.७.४ जग्गाको उर्वराशक्ति

जिल्लाको ठूलो क्षेत्रफल हिमाल, पहाड तथा भिरपाखाले ओगटेकोले कृषि उत्पादनको लागि उर्वर भूमि सिमित रहेको छ । जिल्लाका पुराना र चर्तित उर्वरा क्षेत्रहरुमा वैदामको बारी, आर्वाको घारी र माझठानाको टारी भन्ने भनाई रहेको छ । विगतमा पोखरा उपत्याकामा रहेका विरुवा, कुँडर, अर्घौं, शिशुवा फाँट उर्वरा क्षेत्र रहेकामा हाल शहरीकरणको प्रभावसंगै उर्वरभूमि साँगुरिदै गएका छन् । सेती नदी किनारा र आसपासका भूमिहरुमा गेगरिलो माटोको कारण खाद्यान्न बालीको लागि कम उर्वराशक्ति रहेको पाईन्छ । समथल भूभागमा खाद्यान्न बालीको लागि उर्वर भूमि पाइन्छ भने भिराला पाखाहरुमा फलफूल, डाँलेघाँस र खरघाँसको लागि उर्वरता रहेको पाइन्छ । कृषि अनुसन्धान केन्द्र लुम्ले, बागवानी अनुसन्धान केन्द्र र अन्नपूर्ण संरक्षरण आयोजना जस्ता प्रमुख निकायहरुबाट थालिएका प्रयासहरु पनि सिमित क्षेत्रमा मात्र कार्यान्वयनमा आउने र अधिकांश कृषकहरुको कृषि पेशा परम्परागत रुपमा नै रहेकोले कृषि पेशामा युवा पुस्ताहरुको आकर्षण कम रहनाले जिल्लामा रहेका सम्भाव्य क्षेत्रहरुमा समेत उर्वर भूमि बृद्धि गर्ने दिर्घकालिन सोचले सार्थकता पाउन सकेको छैन् ।

२.८ जलभण्डार

कास्की जिल्ला जलभण्डारमा धनि रहेको छ । प्रमुख नदीहरुमा सेती, मादी, मोदी र मर्दी रहेका छन् भने प्रमुख खोलाहरुमा विजयपुर, फुर्से, सुरौदी, हर्पन, भुरुङ्गदी, कोत्रे, ईदी, काँहु, सुईखेत आदि रहेका छन् । शान्ती कुण्ड, फेवाताल, वेगनासताल, रुपाताल, दिपाङ्गताल, मैदीताल, न्युरेनीताल, कमलपोखरी, खास्टेताल, गुदेताल, बढुवाताल र स्यार्खुताल जलभण्डारका अन्य श्रोतहरु हुन् ।

तालिका नं. २.९ मादी नदीको सन् २००६-२०१९ सम्मको अधिकतम र न्यूनतम जलप्रवाहको विवरण

वर्ष	अधिकतम जलप्रवाह			न्यूनतम जलप्रवाह		
	Discharge (m3/s)	Gauge height (m)	Date	Discharge (m3/s)	Gauge height (m)	Date
२००६	274	2.55	13/07/2006	9.42	1.09	29/03/2006
२००७	495	3.15	16/08/2007	15.8	1.20	31/01/2007
२००८	495	3.15	29/08/2008	13.5	0.96	31/03/2008
२००९	418	2.96	3/09/2009	9.86	1.10	21/03/2009
२०१०	561	3.30	23/08/2010	16.0	1.01	31/01/2010
२०११	414	2.95	20/07/2011	12.8	1.15	10/03/2011

२०१२	492	3.15	13/07/2012	11.8	1.27	12/03/2012
२०१३	561	3.30	22/07/2013	4.14	1.20	16/02/2013
२०१४	495	3.15	18/07/2014	11.8	1.35	12/03/2014
२०१५	804	3.85	16/07/2015	11.8	1.46	13/02/2015
२०१६	742	3.75	26/07/2016	16.9	1.09	3/3/2016
२०१७	460	3.22	11/8/2017	14.3	1.5	22/02/2017
२०१८	724	3.72	10/7/2018	10.7	1.54	15/02/2018
२०१९	358	3.02	17/09/2019	12.4	1.57	1/2/2019

मापन स्थानः सिसाघाट, श्रोतः जल तथा मौसम विज्ञान कार्यालय,पोखरा-२०७९

तालिका नं. २.१० मर्दी नदीको सन् २००६-२०१९ सम्मको अधिकतम र न्यूनतम जलप्रवाहको विवरण

वर्ष	अधिकतम जलप्रवाह			न्यूनतम जलप्रवाह		
	Discharge (m3/s)	Gauge height (m)	Date	Discharge (m3/s)	Gauge height (m)	Date
२००६	84.4	2.98	09/08/2006	0.920	1.20	08/04/2006
२००७	112	3.12	31/08/2007	2.23	1.26	2/02/2007
२००८	324	5.0	27/08/2008	1.67	1.23	22/03/2008
२००९	116	3.28	13/08/2009	1.74	1.10	12/11/2009
२०१०	155	3.58	12/09/2010	1.48	1.22	17/05/2010
२०११	152	3.55	19/07/2011	2.23	1.26	24/03/2011
२०१२	241	4.35	30/08/2012	2.04	1.25	25/12/2012
२०१३	147	3.50	2/09/2013	1.30	1.21	10/02/2013
२०१४	259	4.50	19/09/2014	1.67	1.23	2/04/2014
२०१५	90.2	2.87	22/08/2015	3.22	1.31	26/03/2015
२०१६	87.4	3.02	26/07/2016	1.72	1.22	9/5/2016
२०१७	87.4	3.02	5/7/2017	2.26	1.38	5/3/2017
२०१८	122	3.45	15/07/2018	2.25	1.49	27/03/2018
२०१९	91.8	2.8	17/09/2019	0.76	1.34	10/5/2019

मापन स्थानः लाहाचोक, श्रोतः जल तथा मौसम विज्ञान कार्यालय,पोखरा-२०७९

तालिका नं.२.११ सेती गण्डकी नदीको सन् २००६-२०१९ सम्मको अधिकतम र न्यूनतम जलप्रवाहको विवरण

वर्ष	अधिकतम जलप्रवाह			न्यूनतम जलप्रवाह		
	Discharge (m3/s)	Gauge height (m)	Date	Discharge (m3/s)	Gauge height (m)	Date
२००६	578	3.55	09/08/2006	11.50	0.86	30/03/2006
२००७	1340	4.70	31/08/2007	18.50	1.04	3/02/2007
२००८	877	4.08	27/08/2008	14.40	0.73	30/03/2008
२००९	645	3.68	13/08/2009	14.80	0.74	22/3/2009
२०१०	1780	5.22	12/09/2010	18.90	1.05	08/04/2010

२०११	2360	5.80	19/07/2011	14.20	0.93	11/04/2011
२०१२	578	3.55	30/08/2012	15.70	0.97	26/12/2012
२०१३	1100	4.40	2/09/2013	14.80	0.74	14/04/2013
२०१४	1190	4.50	19/09/2014	9.00	0.80	25/12/2014
२०१५	1100	4.40	22/08/2015	6.15	1.40	29/04/2015
२०१६	1850	5.3	27/07/2016	16	0.65	3/5/2016
२०१७	925	3.95	2/7/2017	12	0.47	7/3/2017
२०१८	768	3.65	11/9/2018	14.7	0.39	28/03/2018
२०१९	686	3.48	17/9/2019	16.5	0.56	16/05/2019

मापन स्थानः दमौली, श्रोतः जल तथा मौसम विज्ञान कार्यालय,पोखरा-२०७९

२.९ वनस्पति तथा वन्यजन्तु

यस जिल्लाको भौगोलिक विविधता संगसँगै उपोष्ण देखि उच्च हिमाली जलवायु पाइने हुँदा वनस्पती र सोही अनुसार वव्यजन्तुमा पनि विविधता रहेको पाइन्छ । यहाँ उपोष्ण देखि अल्पाइन सम्मको निम्नानुसारको वन पाइन्छ ।

(क) १५०० मीटर भन्दा कम उचाईः Sub- tropical Broad Leaf Forest जस्तैः चिलाउने, कटुस र उत्तिस प्रजातिको साथै सुख्खा ठाउँहरुमा पाइने प्रजातिहरु र कम उचाईका केहि ठाउँहरुमा सालको बन पाइन्छ ।

(ख) १५०० देखि ३००० मीटर सम्मको उचाईः Temperature Forest :- Mixed broad leaved प्रजातिहरुः खर्सु, गुँरास आदि ।

(ग) ३००० देखि ४८५० मीटर सम्मको उचाईः Sub alpine Forest जस्तैः भोजपत्र, धुपी, गुँरास आदि ।

(घ) ४८५० मीटर देखि माथिको उचाईः Alpine Forest जस्तैः काँढे घासका बुट्यानहरु आदि ।

गैरकाष्ठजन्य वन पैदावर-

कास्की जिल्लामा विभिन्न प्रकारका जडिबुटिजन्य र अन्य गैरकाष्ठ वन पैदावर पाईन्छन् । स्थानीय रुपमा प्रयोगमा आउने प्रजातिहरुमा अमला, हर्रो, बर्रो, रोहिणी, वांस अम्रिसो, तेजपात, महुवा, निम, बेल, गिठ्ठा, वनतरुल, वावियो, चिउरी, सालको पात, भोर्लाको पात आदि प्रमुख हुन भने व्यापारिक हिसावले जिल्ला बाहिर सतुवा,निगालोको टुसा, चिराइतो, अल्लो, अगेर्ली, नागवेली, रिठ्ठा, काउलाको बोक्रा, सुनगाभा, टिमुर, पाषनवेद, पाती, पिपला, गुर्जो, सिस्नो र दालचिनीको बोक्रा र पात बिक्री वितरण हुन सक्ने सम्भावनामा पर्दछन् ।

बन्यजन्तु-

स्तनधारीः कस्तुरी मृग, घोरल, झारल, थार, भालु, चितुवा, स्याल, रतुवा, दुम्सी आदि ।

पंक्षीः डाँफे, मुनाल, कालिज, तित्रा, कोईली, ढुकुर, बकुल्ला, पानीहाँस, गिद्ध, चील, काग, गौथली, भगेरा, चिरविरे, सारौ, सुगा, मलेवा, कानटाटे तोरीगाडा, पंखथोप्ले ठूलो तितु, पितनयन फुलबुट्टा, लामपुच्छ्रे आदि ।

सरिसर्पः छोपारो, अजिंगर र सर्प ।

उभयचरः भ्याकुता, पाहा ।

किरापुतलीः खजुरो, कनसुत्लो, पुतली, इ्याउकिरी, गडेयौला, कमिला, अरिङगाल, बारुलो, कमलकट्टी, धमिरो, फट्याङ्ग्रा, शंखेकिरा, चिफ्लेकिरा, झुसिल किरा, आदि ।

यस जिल्लामा सिमसार क्षेत्र बढी भएको कारण ३० भन्दा बढी प्रजातिका चराहरु बसाई सरी आउने गर्दछन् ।

२.१० जातजाति

राष्ट्रिय जनगणना २०७८ अनुसार कास्की जिल्लामा विदेशी र अन्य सहित ९२ वटा जातजातिहरुको बसोबास रहेको पाईन्छ । ९२ वटा जातजाति मध्ये धेरै जनसंख्या भएका प्रमुख ५ जातजातिहरुमा क्रमशः ब्राम्हण-पहाड (२६.३७ प्रतिशत), गुरुङ (१५.३६ प्रतिशत), क्षेत्री (१४.४३ प्रतिशत), मगर (९.७४ प्रतिशत) र विश्वकर्मा (९.०७ प्रतिशत) रहेका छन् ।

२.११ चाडपर्व

कास्की जिल्लामा विभिन्न प्रकारका जातजाति, धर्म र सम्प्रदायका मानिसहरुको बसोबास रहेको छ । चाडपर्वहरुलाई धार्मिक तथा जातिगत संस्कारले निर्देशित गरेको पाइन्छ । परम्परागत रुपमा मान्दै आएको दशैं, कोजाग्रत पूर्णिमा, तिहार, बुद्ध पूर्णिमा(जयन्ति), नागपञ्चमी, तिज, ऋषि पञ्चमी, अक्षय तृतीया, बालाचतुर्दशी, रक्षाबन्धन, कुशेऔशी, कृष्णाष्टमी, विवाह पञ्चमी, स्वस्थानी व्रत, श्रीपञ्चमी, साउने संक्रान्ती, श्रावण महिनाको सोमबार ब्रत, माघे संक्रान्ति, मातातीर्थ औंशी, हरिशयनी एकादशी, हरिबोधिनी एकादशी, महाशिवरात्री, फागुपुर्णिमा, जेष्ठ पूर्णिमा, असार १५, पुष १५, रामनवमी, मंगल चौथी, नयां वर्ष (वि.सं., इ.सं., लोसार, ने.सं.), विवाह र मृत्यु संस्कार रहेको छ । परम्परागत रुपमा धार्मिक संस्कारबाट निर्देशित जातिहरुले आफ्नै किसिमले कुल पूजा गर्ने चलन पनि रहेको छ । गाउँ बस्ती तथा टोलहरुमा कूल मन्दिर तथा इष्टदेवताहरुको मन्दिर बनाई नियमित पुजा गर्ने, पानीको मूलमा नाग बनाइ नाँग पूजा, डाडाँको टुप्पामा, ओडार वा गुफाहरुमा र ठूला वृक्षका फेदमा थान बनाएर देवी देवताको पूजा, झाक्री पूजा, भयर पूजा, माई पूजा, म्ह पूजा आदि गर्ने चलन रहेको छ । पोखराको नेवार संस्कृति जस्तैः तायामचा यात्रा, बाघजात्रा, कृष्णजात्रा, गाईजात्रा, माघेजात्रा (सहस्रधारा जात्रा), भैरवनाँच, लाखेनाँच, दहीलीला आदि र अन्य जातिका मध्य सोरठी, बालुन नाँच, ढुङङ्गेसाघु मेला, सितापाइला मेला पनि कास्कीका सांस्कृतिक धरोहरहरु हुन् । त्यसै गरी टोल, गाउँ तथा बस्तीहरुमा नागको थान, विभिन्न देवी देवताको मन्दिर, बौद्ध गुम्वा, मस्जिद, चर्च केन्द्रहरु र विभिन्न धार्मिक समुदायका संघसंस्थाहरु स्थापना भएका छन् । आधुनिक विकासको क्रमसंगै जन्म दिवस, विवाह दिवस, प्रेम दिवस, नयाँ वर्ष, सडकमा खाना महोत्सव, व्यापार महोत्सव, धान रोपाई, आलु महोत्सव, कृषि प्रर्दशनी महोत्सव, फेवा महोत्सव, पर्यटन महोत्सव, उद्योग महोत्सव, सांस्कृतिक महोत्सव आदि मनाउने प्रचलनमा बृद्धि हुदै गएको पाईन्छ ।

२.१२ धार्मिक परम्परा, संस्कृति, कला, भाषा र साहित्य

कास्की जिल्लामा बहुजाति, बहुभाषिक बहुधार्मिक तथा बहुसांस्कृतिक परम्परा र रितिरिवाजमा आस्था राख्ने मानिसहरुको बसोबास रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार कास्की जिल्लामा ९२ वटा जातजाति, ५२ वटा भाषाभाषी र १० वटा धार्मिक समूहहरुको अक्सर बसोबास रहेको छ । यस जिल्लामा तराई, पहाड, हिमालका, ७ वटै प्रदेशका र विदेशी व्यक्तिहरुको समेत बसोबास रहेकोले यस जिल्लाका जातजातिका आ–आफ्ना रैथाने परम्परा र मूल्य मान्यताका सामाजिक तथा सांस्कृतिक धरोहरहरुका मठ मन्दिर, गुम्बा र मस्जिद बाहेक आधुनिक सभ्यताको संगमस्थल रहेको पाईन्छ । ग्रामिण क्षेत्रमा आफ्नो जातजाति तथा परम्परा अनुसार छुट्टाछुट्टै बस्ती विकास भएका छन् भने शहरी तथा बजार क्षेत्रमा सबै जातजातिहरु एकै ठाउँमा मिलेर बसोबास गर्ने संस्कृतिको विकास भएको छ ।

यहाँ जात तथा धार्मिक समुदाय अनुसारका आ–आफ्नै खानपान, भेषभूषा, संस्कार तथा मूल्य मान्यता रहेका छन । प्रकृति प्रेमी कास्केलीहरु आफ्नो जातीय तथा परम्परागत संस्कारलाई सधै जोगाई राख्न

पोखरामा पृथ्वीराजमार्ग बस सञ्चालक कम्पनी प्रा.लि. अन्तरगत पोखराबाट देशका विभिन्न ठाउँहरुमा दिवा तथा रात्री कालिन बस सेवा सञ्चालन हुदै आएको छ । उक्त प्रा.लि. अन्तरगतका विभिन्न प्रकारका बस, जीप र माइक्रो बस पोखरा बस पार्क, बाग्लुङ बस पार्क, पृथ्वीचोक, नयाँबजार,टुरिष्ट बसपार्कबाट छुट्ने गर्दछन् । यात्रुहरुलाइ छिटो छरितो सेवा उपलब्ध गराउन तथा यात्रुहरुलाई भरपर्दो सेवा सुविधा प्रदान गर्दै पोखराबाट नेपालका ६३ जिल्लाहरुमा गुणस्तरीय सेवा प्रवाह गर्नका लागि कम्पनीको रजिष्टार कार्यालय १ वटा, सेवा प्रदायक कार्यालय-८ वटा, सेवा प्रदायक केन्द्र र निरीक्षण एंव अनुगमन केन्द्रहरु-६४ गरी जम्मा ७३ वटा कार्यालयहरुबाट सेवा प्रवाह भइरहेको छ । यात्रुहरुलाइ गुणस्तरीय सेवा दिने उद्देश्य अनुसार मिनिबार सहितको उच्च स्तरीय VIP सुपर A/C बस, नर्मल डिलक्स, स्तरीय पर्यटक बस, स्तरीय सुपर A/C बस, नेपाल भारत मैत्रीबस, स्तरीय डिलक्स बस, माइक्रोबस, इभि भ्यान, जीप, विङ्गर, म्याजिक भ्यान, बस तथा मिनीबसहरु गरी जम्मा १२५५ वटा सार्वजिनक सवारी साधनहरु लामो तथा छोटो दुरीका रुटहरुमा दैनिक ४२३ वटा रुटमा दैनिक ४५० भन्दा बढी सवारी साधनहरुले सेवा दिइ रहेका छन् । सवारी साधनको भाडा दर सवारी साधनमा भएको सुविधा, सवारी साधनको प्रकार र गन्तब्यको दुरी र सडकको अवस्था अनुसार फरक फरक रहेको छ । गत आर्थिक वर्ष कम्पनी अन्तरगत ३१५ वटा दुर्घटना भई यात्रु, मजदुर तथा तेश्रोपक्ष घाइते भएकाहरुको साथै विगत वर्षहरुको फलोअप उपचार खर्च समेत गरी रु. २,१७,१९,५३१/०० खर्च भएको कम्पनीको वार्षिक प्रतिवेदन आ.व. २०७९/८० को रेकर्डबाट देखिन्छ ।

त्यसै गरी यस कम्पनीका अतिरिक्त टुरिष्ट बसपार्क, लेकसाइड र सहरका अन्य ठाउँहरुबाट विभिन्न बस/मिनिबस/माइक्रोबस/जीप/भ्यान आदि सञ्चालक कम्पनी प्रा.लि.का पनि सुविधा सम्पन्न सवारी साधनहरु नेपालका प्रमुख सहरहरु जस्तैः काठमाडौं, लुम्बिनी, चितवन आदि स्थानहरुमा सञ्चालन हुदै आएका छन् ।

तालिका नं.१०.१ पोखरा देखि १०० कि.मी. वा सो भन्दा टाढा दुरी भएका सवारीका रुटहरु

रुट विवरण	दुरी (कि.मी.)	रुट विवरण	दुरी (कि.मी.)
पोखरा-दिल्ली (भारत)	१०५०	पोखरा-महेन्द्रनगर	६८२
पोखरा-नारायणगढ-भुरिगाउँ बर्दिया	६१५	पोखरा- काकडभित्ता	५९६
पोखरा- स्याङ्जा- धनगढी	५८६	पोखरा-नारायणगढ- सुर्खेत	५६६
पोखरा- बिराटनगर	५३०	पोखरा-धरान	५३०
पोखरा-ना.-राजापुर-नेपालगञ्ज	५१३	पोखरा-नारागणगढ-नेपालगञ्ज	४८१
पोखरा-नारायणगढ-रोल्पा लिवाङ	४८०	पोखरा-गाईघाट	४७०
पोखरा -फत्तेपुर-रामपुर बेलटार	४७०	पोखरा-स्याङ्जा-नेपालगञ्ज खजुरा	४४०
पोखरा-नारायणगढ-दाङ तुल्सीपुर	४१६	पोखरा-कटारी	३९४
पोखरा-सिन्धुली	३७५	पोखरा-जनकपुर	३६०
पोखरा-बरहथवा बरला	३४०	पोखरा-स्याङ्जा- दाङ तुल्सीपुर	३३३

पोखरा-गौर	३१४	पोखरा-नारायणगढ-बकुल	२९५
पोखरा-नारायणगढ-सुनौली	२९०	पोखरा-कोल्वी सन्तपुर	२७५
पोखरा- कलैया	२७०	पोखरा-भिस्वा (पोखरा हल्ट)	२७०
पोखरा-नारायणगढ-भैरहवा लुम्बिनी	२६७	पोखरा-विरगंज	२६०
पोखरा-झ्यालबास	२४०	लामाचौर-काठमाडौ-बनेपा-बिजीमल	२४०
पोखरा-नारायणगढ-बर्दघाट त्रिबेणी	२२५	पोखरा-नारागणगढ-अरुणखोला-सर्दी	२२५
पोखरा-स्याङ्जा-भैरहवा-लुम्बिनी	२०५	पोखरा-काठमाडौं	२००
पोखरा-स्याङ्जा-कृष्णनगर	१९०	पोखरा-बेनी-जोमसोम	१९०
पोखरा-स्याङ्जा-भैरहवा-सुनौली	१८६	पोखरा-तानसेन-तम्घास	१८०
पोखरा-कलुवा	१७०	पोखरा-धादिङ	१६०
पोखरा-स्याङ्जा-बुटवल	१६०	पोखरा-बाग्लुङ-बुर्तीबाङ्ग	१५५
पोखरा-नारायणगढ-सौराहा	१४५	पोखरा-मुस्ताङ घाँसा	१३०
पोखरा-नारायणगढ	१२६	पोखरा-बेशीशहर	११०
पोखरा-गोरखा	१०८	पोखरा-बेनी-दर्बाङ्ग	१०२
पोखरा-कुश्मा-रानीपानी-सेतीवेणी	१००		

श्रोतः- पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनी प्रा.लि., पोखरा,२०८०

ख) पोखरा यातायात प्रा.लि.(नगर यातायात)-

पोखरा यातायात प्रा.लि., पोखरा अन्तरगत पोखराका नगर क्षेत्र र आसपासका गाउँपालिकाहरुमा २०८० साल फाल्गुण १५ गतेको रेकर्डमा करिब ३७८ वटा सवारी साधनहरु आलोपालो हुने गरी सञ्चालनमा आएको देखिन्छ । पोखराको नगर क्षेत्रहरुमा सवारी साधनहरु जान सक्ने र यात्रुहरुको चापलाइ विचार गरी समयतालिका अनुसार नगरबस संचालन हुदै आएको छ । त्यसै गरी नगरको विभिन्न स्थानहरुबाट पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा नगरबस विमानस्थल संचालन भए देखि नै संचालन हुदै आएको छ । पोखरा नगरबसको न्यूनतम भाडा दर प्रति व्यक्ति रु.२५ रहेको छ । बसको भाडा दर दुरी अनुसार फरक पर्दछ । पोखरा नगर क्षेत्र भन्दा बाहिरका क्षेत्रहरुमा देहायका रुटहरुमा पोखरा यातायात प्रा.लि.,ले बस संचालन गर्दै आएको छ ।

तालिका नं. १०.२ ग्रामीण क्षेत्रमा नगर बस संचालनमा आएका रुटहरुको विवरण

रुट नं.	रुटको नाम	रुटको विस्तृत विवरण
१	भराभरी	बगर-भुर्जुङखोला-चौरा-भराभरी
२	घाचोक (पुरन्चौर)	बगर-पुरन्चौर-घाचोक
३	काठरे	बगर-काठरे
४	हरिपाठ	बगर-हरिपाठ
५	तारेभिर	पृथ्वीचोक-छोरेपाटन-खाडेखोला-भुम्दी-तारेभिर
६	लुकुन्स्वाँरा	पृथ्वीचोक-छोरेपाटन-स्तुपा-लुकुन्स्वाँरा
७	पामे	हलनचोक-पामे
८	हर्पन	हलनचोक-पामे-ठूलाखेत-हर्पन

९	चाँपाकोट	हलनचोक-पामे-ठूलाखेत-चाँपाकोट
१०	पञ्चासे	हलनचोक-पामे-घाँटीछिना-पञ्चासे
११	ताङ्गतिङ्ग	काहुँखोला-कसेरी- काठरेडाँडा- छाचोक-सवि-ताङ्गतिङ्ग
१२	याङ्गजाकोट	काहुँखोला-कसेरी-चितेपानी-भैसै-चित्रे-याङ्गजाकोट
१३	आर्वा	काहुँखोला- आर्वा- विजयपुर-अर्मला
१४	सिक्लेस	काहुँखोला-छाचोक-थाक-तप्राङ्ग-सिक्लेस
१५	मनिलडाँडा	पृथ्वीचोक-विरौटा-दोबिल्ला-बागमारा-मनिलडाँडा -दोभान- चुहार्दी-लामागाउँ
१६	काठले	पृथ्वीचोक-विरौटा-काठरे
१७	निर्मलपोखरी	पृथ्वीचोक-विरौटा- दोबिल्ला-निर्मलपोखरी
१८	मट्टिखान	पृथ्वीचोक-छोरेपाटन-फुस्रेखोला-मट्टिखान-देठराली-नुवाकोट
१९	बडहरे (कृष्ती)	पृथ्वीचोक-विरौटा-कृष्ती-बडहरे-पौवैगौडे
२०	शिवालय	पृथ्वीचोक-छोरेपाटन-कृष्ती-शिवालय-चिलाउनेवास
२१	टक्सार	पृथ्वीचोक-छोरेपाटन-टक्सार
२२	दाङलिङ	पृथ्वीचोक-बिरोटा-दोविल्ला-निर्मलपोखरी-गौरीगाउँ-दोभान-दाङलिङ

श्रोतः- पोखरा यातायात प्रा.लि.,पोखरा,२०८०

पोखरा नगरबस कम्पनी प्रा.लि.मा आबद्ध भएका बसहरु आ.व.२०७८/७९ मा ८४ वटा र आ.व.२०७९/८० मा ९२ वटा दुर्घटना भएको रेकर्डबाट देखिन्छ । दुर्घटना परेका यात्रु र तेश्रोपक्षलाइ क्षतीपूर्ती दिने कार्य प्रा.लि. मार्फत हुदै आएको छ ।

१०.१.२ ट्याक्सी सेवा

पोखरामा यात्रुहरुलाई सुविधायुक्त सवारी सेवा दिने उद्देश्यका साथ ट्याक्सी सेवा उपलब्ध रहेको छ । सार्वजनिक ट्याक्सी सुविधाका लागि पोखरेली ट्याक्सी सेवा प्रा.लि., फेवा यातायात ट्याक्सी सेवा प्रा.लि., ग्रेटर नेपाल ट्याक्सी सेवा प्रा.लि. र गण्डकी ट्याक्सी सेवा प्रा.लि. मार्फत करिब २५०० वटा ट्याक्सी पोखरा नगर क्षेत्र र आसपासका क्षेत्रमा संचालनमा रहेका छन् । ट्याक्सी सेवा प्रवाहमा अग्रहणी भूमिका खेलेको पोखराको धेरै पहिले देखि संचालनमा आएको पोखरेली ट्याक्सी सेवा प्रा.लि. अन्तरगत मिति २०८० साल फाल्गुण महिना सम्म जम्मा १५६१ वटा ट्याक्सी संचालनमा रहेको देखिन्छ । पोखराको केहि स्थानहरुमा ट्राफिक समस्या रहेको, आसपासका सडकहरु सुधार तथा निर्माण हुदै गरेको, पोखरा आसपासमा बढी पानी पर्ने, केही चालकहरुको तिब्रगतिमा सवारी चलाउनुले र यात्रु तथा अन्य सवारीसाधनका चालकहरुको कम होसियारी अपनाउनुले आ.व. २०७९/०८० मा ७०२ वटा दुर्घटना भएको पोखरेली ट्याक्सी सेवा प्रा.लि. को रेकर्डमा देखिन्छ ।

तालिका नं. १०.३ गण्डकी प्रदेश अन्तरगतका कार्यालयमा दर्ता भएका सवारी साधनको विवरण

क्र.सं.	सवारी साधनको नाम	आ.व. २०७६/७७ भन्दा अघि	आ.व. २०७७/७८	आ.व. २०७८/७९
१	बस	५३३५	२३७	१६५
२	मिनि बस/मिनि ट्रक	४८६९	९३	१३०
३	क्रेन/डोजर/उक्साभेटर/ट्रक	६८२५	३६	६५७

४	कार/जीप/भ्यान/ट्याक्सी	१८८०७	१३१०	१५२४
५	पिकअप	३०३१	५७६	१०१३
६	माइक्रो बस	१४४५३	११८	४५
७	टेम्पो	४६	०	१३३
८	मोटरसाइल/स्कुटर	२३४१७३	२७१००	४५,०९१
९	टेक्टर/पावर टेलर	१२०९३	२३४	३३२
१०	इ-रेक्सा	०	०	१
११	अन्य	०	१	४
जम्मा		**२,९९,६३२**	**२९,७०५**	**४९,०९५**

श्रोतः- भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय, गण्डकी प्रदेश पोखरा, २०७९

१०.२ हवाई यातायात

कास्की जिल्लामा हवाई यातायातको सुविधा रहेको छ । नेपालको दोश्रो ठूलो शहर तथा पर्यटकीय नगरी पोखरामा दैनिक स्वदेशी तथा विदेशी यात्रुहरुको आगमन हुने गर्दछ । पोखराबाट नियमित रुपमा काठमाडौं, भैरहवा, नेपालगञ्ज, भरतपुर, जोमसोम र कहिलेकाही मनाङमा हवाईजहाज सेवा उपलब्ध रहेको छ । कास्की जिल्लामा हाल संचालनमा रहेका दुई वटा चालु हालतका विमानस्थलहरुमा फेवा विमानस्थल मुस्ताङचोक र पोखरा अन्तरराष्ट्रिय विमानस्थल छिनेडाँडामा रहेका छन् ।

क) फेवा विमानस्थल-

यसको लम्बाई १४४७ मिटर र चौडाई ३० मिटरमा पिच भएको यो विमानस्थलमा १२० यात्रु प्रतिघण्टा Terminal Building Capacity रहेको छ । समुद्र सतहदेखि २७१२ फिट उचाईमा रहेको नयाँ पोखरा अन्तर्राष्ट्रिय विमानस्थल चालु हुनु अगाडि यो विमानस्थलमा बार्षिक सरदर विमान उडान संख्या १४ हजार र वार्षिक सरदर हवाई यात्रु संख्या २,५०,००० रहेको थियो । यसको पार्किङ क्षमता ५ वटा एभ्रो स्तरका जहाज अट्ने रहेको छ । हाल यस विमानस्थलबाट मुस्ताङको जोमसोम विमानस्थलमा उडान हुदै आएको छ । पोखराबाट जोमसोममा तारा इअरलाइन्स र नेपाल इअरलाइन्सबाट उडान हुने गर्दछ । यसै विमानस्थलबाट डाइनेष्टी, माउन्टेन र फिष्टेल एअरबाट हेलिकप्टर सेवा पनि उपलब्ध रहेको छ ।

ख) पोखरा अन्तर्राष्ट्रिय विमानस्थल-

पोखराको अर्को ठूलो विमानस्थल वि.सं २०३२ सालमा जग्गा अधिग्रहण गरिएको करिब ३७०० रोपनी क्षेत्रफल ओगटेको पोखरा म.न.पा. वडा नं १४ छिनेडांडा स्थित पोखरा अन्तरराष्ट्रिय विमानस्थल सन् २०२३ को जनवरी १ देखि सञ्चालनमा आएको छ ।

अन्तर्राष्ट्रिय उड्डयान संस्थाको मापदण्ड अनुसार (आइकाओ) फोरडी (4D) मोडलमा निर्माण भएको विमानस्थल २५०० मिटर लम्बाई र ४५ मिटर चौडाईको धावनमार्ग रहेको छ । जहाँ बोइङ ७५७ र एयरबस ३२० वा सो सरहका जहाज आउँजाउ गर्न सक्ने र ति विमानको क्षमता १ सय ४० देखी १ सय ८० सिटको हुनेछ। विमानस्थलमा साना र ठूला गरी ११ जहाज पार्किङ गर्न सकिन्छ ।

तालिका नं.-१०.४ पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट उडान हुने विमान सेवाहरु

विमान कम्पनी	प्रकार	सिट क्षमता
बुद्ध एअर	ATR-72 र ATR-42	७२ सिट र ४२ सिट
यती एअरलाइन्स	ATR-72	७२ सिट
श्री एअरलाइन्स	ATR-82	८२ सिट

श्रोतः- पोखरा अन्तर्राष्ट्रिय विमानस्थल व्यवस्थापन कार्यालय, पोखरा, २०८०

तालिका नं.१०.५ पोखराबाट हवाइ उडान भएको गत ३ वर्षको उडान संख्या र यात्रु संख्या

वर्ष, सन्	उडान संख्या			स्वदेशी यात्री संख्या			विदेशी यात्री संख्या		
	आगमन	प्रस्थान	जम्मा	आगमन	प्रस्थान	जम्मा	आगमन	प्रस्थान	जम्मा
२०२३	७८६५	७८६४	१५८७२	४३३९४१	४६२५०३	९०४७७१	४९४१८	७५६७२	१२५०९०
२०२२	१७६७५	१७६८५	३५३६३	४३५५४०	४४७९९६	८८३५३६	३५५४२	४५६३४	८११७६
२०२१	९६३२	९६३४	१९२६६	२६७४३९	२६२५०५	५२९९४४	३४९०	४५५९	८०४९

श्रोतः- पोखरा अन्तर्राष्ट्रिय विमानस्थल व्यवस्थापन कार्यालय, पोखरा, २०८०

माथिको तालिकामा सन् २०२३ को आँकडा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको मात्र समावेश भएको छ भने सन् २०२२ र २०२१ मा हेलिक्प्टर र अल्ट्रालाइट सेवाको समेत उडान र यात्रुसंख्या समावेश भएको छ ।

१०.३ जल यातायात

कास्की जिल्लाका नदीहरुमा जल यातायातको सुविधा रहेको छैन् । यस जिल्लामा रहेका प्रमुख तालहरु मध्ये फेवाताल र वेगनासतालमा आन्तरिक र बाह्रय पर्यटकहरुलाई डुङ्गाको सुविधा रहेको छ । दैनिक हजारौ मानिसहरु फेवातालमा रहेको तालबराही मन्दिरमा निश्चित रकम तिरी डुङ्गाबाट पुगी दर्शन गर्दछन् । फेवाताल किनारका ६ वटा घाटका समितिहरु र वेगनासतालको किनारका ढुङ्गा व्यवसायिक समितिहरु मार्फत आलोपालो गरी छोटो दुरीका जल यातायातको मनोरञ्जनयुक्त सेवा उपलब्ध छ । मनोरञ्जनको लागि सेती नदीमा राफ्टिङ सेवा पनि उपलब्ध हुन्छ । त्यसै गरी फेवाताल र वेगनासतालमा निश्चित समयका लागि व्यक्ति/समुहले डुङ्गा भाडामा लिई जलविहार गर्न पनि सकिन्छ । तालमा जलविहार गर्दा वा मन्दिरमा दर्शन गर्न जादा लाईफ ज्याकेट अनिवार्य रुपमा लगाउनु पर्ने व्यवस्था रहेको छ । तालहरुमा जलयात्रा गरेको समयमा दुर्घटना वा भवितब्य परेको बखत सशस्त्र प्रहरी बलको विशेष सुरक्षा रेस्क्यु टिम यात्रुको सुरक्षा तथा उद्धार कार्यका लागि तयारी अवस्थामा रहेको हुन्छ ।

खण्ड ११ पर्यटन तथा मनोरञ्जन

कास्की जिल्ला र पोखरा नेपालको प्रमुख पर्यटकीय सम्भावना बोकेको ठाउँ रहेकोले मिति २०८०।१२।०४ गते नेपाल सरकार, गण्डकी प्रदेश सरकार र पोखरा महानगरपालिकाको संयुक्त प्रयासमा सरोकारवाला सबैको उपस्थितिमा पोखरालाई नेपालको पर्यटकीय राजधानी घोषणा गरिएको छ ।

११.१ प्रमुख पर्यटकीय स्थल

जिल्लाका प्रमुख पर्यटकीय स्थलहरु निम्नानुसार रहेका छन् ।

१. फेवाताल (लेकसाईड)-

पर्यटकीय गन्तव्य पोखराको पर्यायवाची नामको रूपमा रहेको देशको दोश्रो ठूलो तथा सुन्दर ताल फेवाताल ४.४३ वर्ग कि.मी क्षेत्रफल तथा १८ कि.मी.को परिधिमा फैलिएर रहेको छ । तालको सफा पानी भित्र देखिने माछापुच्छ्रेको प्रतिविम्ब, वरिपरीको हरियो वन जंगल र पाखाहरूमा वसेका सुन्दर बस्तीहरूले गर्दा फेवातालको डुङ्गा सयर रमाइलो हुन्छ । यस तालको डुंगा व्यवसायबाट सयौं व्यक्तिहरूले रोजगारीको अवसर पाएका छन् । फेवातालको बीच भागमा रहेको तालवाराही मन्दिरले तालको सुन्दरता एवं पर्यटकको आगमनमा थप आकर्षण थपेको छ । चिनियाँ सांस्कृतिक पर्वमा खेलिने 'ड्रागन बोट रेस' प्रतियोगिता यस तालमा सम्पन्न भएको छ ।

२. वेगनास ताल-

कास्की जिल्लाको पोखरा महानगरपालिका- ३१ वेगनासमा नेपालको तेश्रो ठूलो ताल वेगनास ताल ३.७३ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ । अरु तालको तुलनामा सफा र स्वच्छ पानी देखिने यो तालबाट अन्नपूर्ण र माछापुच्छ्रेको दृश्य प्रृष्ट देखिने हुँदा यसले पर्यटकहरूको मन लोभ्याई रहेको छ । ताल वरीपरिको हरियाली पहाडको दृश्यावलोकन र शान्त वातावरणले पनि पर्यटकहरुलाई आनन्द दिई राखेको हुन्छ । यस तालमा मोटरजेट डुङ्गा सञ्चालन गर्न सकिने र "ड्रागन बोट रेस' प्रतियोगिता समेत सम्पन्न भएको छ ।

३. पाताले छागो-

फेवातालको वाँधबाट निस्किएको पानी पो.म.न.पा. वडा नं. १७ छोरेपाटन पुगी पाताल प्रवेश गर्दाको छाँगो (डेभिज फल्स) पोखराको एक प्रमुख पर्यटकीय आकर्षणको स्थलको रूपमा रहेको छ ।

४. गुप्तेश्वर महादेव गुफा-

पो.म.न.पा. वडा नं. १७ छोरेपाटन स्थित गुप्तेश्वर महादेव गुफा धार्मिक एवं प्राकृतिक पर्यटकीय स्थलको रूपमा प्रख्यात छ । पाताले छागोको ठीक दक्षिण भागमा जमिन मुनि यो गुफा रहेको छ ।

५. महेन्द्र गुफा-

पो..म.न.पा. वडा नं. १६ बाटुलेचौरमा अवस्थित महेन्द्र गुफाको लम्वाई करिव १२५ मी. रहेको अनुमान छ । गुफा भित्र विभिन्न मुर्तिका आकार, शिव लिङ्ग, गणेश आदिका स्वतः निर्मित आकृतिहरू रोचक तथा आकर्षक देखिन्छन् ।

६. सेती नदी-

माछापुच्छ्रे हिमाललाई उदगम स्थल वनाई वगेको सेती नदी अन्य नदीहरू भन्दा छुट्टै प्रकृतिको छ । पोखराको बगर स्थित के.आई.सिंह पुलबाट पाताल प्रवेश गरी पृथ्वीनारायण क्याम्पस नजिक आईपुग्दा बाहिर निस्किन्छ र नदीपुरबाट पुनः पाताल प्रवेश गरी रामघाटमा देखिन्छ तथा रामघाटबाट पुनः पाताल प्रवेश गरी ढुङ्गे साँघु नजिक पुगी बाहिर निस्किन्छ । करिब २०० फिटभन्दा गहिरो खोँच बनाई वगेको यो नदी पर्यटकहरूको लागि दर्शनीय छ ।

७. विन्ध्यवासिनी मन्दिर-

पोखरा नगरको शोभा र गहनाको रूपमा रहेको विन्ध्यवासिनी देवीको मन्दिर गण्डकी प्रदेशको प्रसिद्धी कमाउन सफल एवं विशेष महत्व राख्ने देवी देवताहरूमध्ये एक महत्वपूर्ण देवीको रूपमा मानिदै आएको छ । पोखरा नगरको चारै तिर देखिने हिमालहरूको समेत दृश्यावलोकन गर्न सकिने गरी पोखराको केही उच्च स्थानमा अवस्थित यो प्रसिद्ध शक्तिपीठ पोखरा उपत्यकाको एक महत्वपूर्ण आकर्षण स्थलको रूपमा रहेको छ । .

८. पुम्दीकोट शिवालय मन्दिर-

पुम्दिकोटमा ५२ फिट अग्लो शिव मूर्ति मुख्य आकर्षणका रुपमा रहेको छ । महादेवको विशाल मूर्तिले धार्मिक पर्यटकको गन्तव्य स्थलका रूपमा विशिष्ट पहिचान बनाएको छ । त्यस स्थानमा सनातनकालदेखि भूमेश्वर महादेवको मन्दिर रहेको थियो भन्ने मान्यता छ । आठ हजार वर्गफिटको गोलाकार जगमा उक्त मुर्ति निर्माण भएको छ। नेपाल सरकारले उपलब्ध गराएको २२ रोपनी जग्गाको परिसरको भुइँतल्लामा ध्यान केन्द्रसहित गोलाकार जगको वरिपरि १०८ वटा शिवलिङ्ग, दोस्रो तल्लामा गणेशद्वारा शिवलाई परिक्रमा गर्दै गरेको मूर्ति राखिएको छ। सौर्य ऊर्जा विधिद्वारा सो परिक्रमा निरन्तररुपमा जारी रहेको छ । तेस्रो तल्लामा फाइबर ग्लासको पद्मासन अवस्थाको महादेवको मूर्ति स्थापना भएको छ । पोखराको छोरेपाटनबाट सात किलोमिटर दक्षिण पश्चिममा अवस्थित सो स्थलमा पुग्नका लागि नगर बससमेत सञ्चालन हुने गर्दछ । यस्तै पदयात्राको लागि पोखराको रानीवन, पुम्दीकोट, भुम्दीकोट, थाप्लेडाँडा हुँदै पञ्चासेसम्मको पुरानो बाटोलाई नयाँ पहिचान दिइ यस स्थानसम्म जानेबाटो निर्माण गरिएको छ । यस स्थानबाट पोखराको अधिकांश भाग र हिमश्रृङ्खलाहरु देख्न सकिन्छ । त्यसैले यो पोखराको प्रमुख पर्यटकीय तथा धार्मिक गन्तब्य बनेको छ ।

९. सराङकोट-

सूर्योदय, सूर्यास्त, पोखरा उपत्यका एवं उत्तरी हिमश्रृङ्खलाको मनोरम दृश्य अवलोकन साथै प्याराग्लाइडिङ्को लागि प्रसिद्धि कमाएको सराङकोट ५५०० फिट उचाईमा रहेको छ । हाल सराङकोट जानको लागि लेकसाइड सेदीवगरबाट सराङ्कोट सम्म केबलकारको सुविधा रहेको छ । सराङकोट प्याराग्लाइडिङको लागि प्रख्यात रहेको छ ।

१०. माछापुच्छ्रे हिमाल-

हाल सम्म आरोहणको लागि खुल्ला नगरिएको समुन्द्र सतह देखि ६९९३ मी. उचाइमा रहेको माछापुच्छ्रे हिमाल कास्की जिल्लामा पर्यटकको लागि आकर्षणको केन्द्र बनेको छ ।

११. अन्नपूर्ण हिमश्रृङ्खला-

म्याग्दी र मनाङ् जिल्लाको सिमानामा पर्ने समुन्द्र सतह देखि ८०९१ मी. उचाइ रहेको अन्नपूर्ण हिमाल (प्रथम) सहित अन्नपूर्ण दोश्रो, तेश्रो र चौथोका साथै मनास्लु हिमालको ॠंखलाको दृश्यावलोकन कास्की जिल्लाका अधिकांस स्थानहरूबाट गर्न सकिन्छ ।

१२. पञ्चासे क्षेत्र -

गण्डकी प्रदेश अन्तर्गतका कास्की, स्याङ्जा र पर्वत जिल्लाको संगमस्थल पञ्चासे धार्मिक, ऐतिहाँसिक, साँस्कृतिक, पर्यटकीय तथा जैविक विविधताले भरिपूर्ण क्षेत्रको रूपमा रहि आएको छ । यस क्षेत्रले नेपालको मध्ये पहाडी क्षेत्रको झण्डै ६ हजार हेक्टर वनको क्षेत्रफल ओगटेको छ । पञ्चासे क्षेत्र वरपर बस्ने झण्डै १ लाख जनसंख्या पञ्चासेको प्राकृतिक श्रोत र सम्पदामा आश्रित छन् । यस क्षेत्र वर-पर मुख्य गरि ब्राह्मण, क्षेत्री, गुरुङ्ग, कामी, दमाई र सार्की आदिको बसोबास रहेको छ । यस क्षेत्रमा ठूलो जैविक विविधतायुक्त वनक्षेत्र रहेको छ । यस क्षेत्रमा पाँच टाकुरा मिलेर बनेको धार्मिक तपोभूमि पञ्चधाम, पाँच मुख्य खोला हर्पन, रति, जरे, आँधी, सेती खोलाको उद्गम स्थल, एकै ठाउँबाट सबैभन्दा धेरै हिमश्रृङ्खला देखिने, विना मुलको पञ्चकोशी सरोवरमा चराले पात फाल्ने, धेरै सिमसार क्षेत्र, नेपालमा सबैभन्दा बढी सुनाखरी (सुनगाभा ११३ थरी) पाईने, लालीगुराँस, खसुर, चाँप, चन्दन लगायतका ६०० भन्दा बढि प्रजातिका वनस्पति पाईने र बाघ, भालु, मृग लगायत विभिन्न वन्यजन्तु, चराचुरुङ्गीको बासस्थान, बालाचतुर्दशी मेला लाग्ने तथा सिद्ध ऋषिमुनिहरूको तपोभुमि, श्रवणकुमारको समाधिस्थल तथा पञ्चपाण्डवहरूको वनवास क्षेत्र र सूर्योदय र सूर्यास्तको मनमोहक दृष्य देखिने र सुन्दर, शान्त, मनोरम, शान्तिपूर्ण पवित्र स्थल शान्तिपुर र ग्रामीण जीवन शैली, रहनसहन र सँस्कृतिको केन्दको अद्भुत प्राकृतिक तथा सांस्कृतिक संगम रहेको छ ।

तालिका नं.११.१ पालिका अनुसार प्रमुख पर्यटकीय स्थलहरु

क्र.सं.	साविकका नाम	ऐतिहांसिक तथा धार्मिक पर्यटकीय स्थलहरू	प्राकृतिक पर्यटकीय स्थलहरू
पोखरा महानगरपालिका अन्तरगत			
१	पो.उ.म.न.पा.	विन्धवासिनी मन्दिर, धर्मशिला बुद्ध बिहार, मैत्रि चैत्य तथा राधाकृष्ण मन्दिर, सदाशिव मन्दिर, तालबाराही मन्दिर,भद्रकाली मन्दिर, शोभाभगवति मन्दिर, सिद्धेश्वर महादेव, पुष्करेश्वर शिव मन्दिर, राम मन्दिर, केदारेश्वर मन्दिर, शिवहरि मन्दिर तथा नमो बौद्ध गुम्बा	सेती नदीको गल्छी, चमेरो गुफा, पाताले छाँगो, महेन्द्र गुफा, गुप्तेश्वर महादेव गुफा
२	आर्वाविजय	प्रभु बसेको स्थान (आर्वा टापु), रतन पाण्डेको मन्दिर, सुनपंदाली शिवालय मन्दिर, चण्डीको स्थान	झुप्पीको चौतारा, मडी
३	चापाकोट	पचभैया झांझी मन्दिर, देउराली मन्दिर, मकन्नादेवी देउराली मन्दिर, सिद्ध वराह, माझथुम धार्मिक स्थल	
४	पोखरा	ऋषिकुल आश्रम, तेब्रिकोट, रुद्र महादेव गुठी मन्दिर, राधाकृष्ण मन्दिर, हनुमान मन्दिर	
५	काहुं	देउराली मन्दिर, चण्डी मन्दिर, राधाकृष्ण मन्दिर, सर्वेश्वर महादेव मन्दिर, कालीका मन्दिर, सन्तानेश्वर मन्दिर,मणी शिवालय मन्दिर, काँहु बौद्ध गुम्वा,काँहु धरहरा	देउराली क्षेत्र, नयां पोखरी (माछापुच्छ्रे दर्शन क्षेत्र)

६	निर्मलपोखरी	गणेश स्थान, कोत भैरव मन्दिर, जलकन्यादेवि मन्दिर, शिव मन्दिर,जलदेवि मन्दिर, गोपेश्वर शिव मन्दिर	झिमल थुम, फोगसिंह डांडा, काहुले डांडा, कोत डांडा, डांडाको पोखरी बाट पोखरा उपत्यका,सेती नदी अन्नपूर्ण हिमालको सुन्दर दृश्यावलोकन गर्न सकिने
७	पुम्दीभुम्दी	विश्व शान्ति स्तुपा, राम्चे देवि मन्दिर, पुम्दीकोट शिवालय, भुम्दीकोट	पोखरा भ्यु पोईन्ट, माछापुच्छ्रे भ्यु पोईन्ट, तेश्रो लेक , पुम्दीकोट शिवालय
८	हेम्जा	ऋषिकुल आश्रम, तेब्रिकोट, रुद्र महादेव गुठी मन्दिर, राधाकृष्ण मन्दिर, हनुमान मन्दिर	
९	भलाम	हरिहर गुफा	हरिहर गुफा
१०	अर्मला	अर्मलाकोट मन्दिर, झयाङकोट भुमे स्थान, बौद्ध गुम्बा, लक्ष्मीनारायण मन्दिर, कालभैरवी	अर्मलाकोट, झ्याङकोट, चोडेडाँडा, ढिकीडाँडा, (पाराग्लाईडिङ), कुट गुफा, सिप्लेकुना गुफा, नौधारे छहराक
११	सराङकोट	भुमे कालिका मन्दिर, चिसाखोला बेदविद्याश्रम, वाहकोट देवीको मन्दिर, वागेश्वरी मन्दिर, पदेंली शिव मन्दिर आदि	सराङकोट भ्युटावर, चण्डीको डिल –पाराग्लाईडिङ उडान), मेथलाङ डांडा, वाहाकोट –पाराग्लाईडिङ) खपौदी र राताडांडा
१२	कृष्तिनाच्नेचौर	मट्टीखान कालिका मन्दिर, मनकामना मन्दिर	शिव ढुङ्गा, मट्टीखान भ्युटावर, वाघको खोर
१३	भदौरेतामागी	क्युलुवराह स्थान, देवीस्थान मन्दिर, सिद्ध वराह माझथुम	पञ्चासे पञ्चधाम
१४	मौजा	विजयपुरकोट	घामडांडा गुफा, झोकाको डांडा, मुच्केडांडा, दोभान छहरा
१५	कास्कीकोट	गुप्तकालीका मन्दिर, कुलमण्डन शाहकालको दरवार तथा अन्य भग्नावशेषहरू, भुमेस्थान मन्दिर, खड्कगाँउकोट, देउराली मन्दिर	थामको गहरा भ्युटावर, ठुलीपोखरी, कालिका मन्दिरबाट हिम श्रृखला अवलोकन गर्न सकिने
१६	भरतपोखरी	कालिका मन्दिर, सिद्ध मन्दिर,	पाण्डेथुम डांडा, सिद्धेश्वर गुफा हुँडीकोट
१७	लेखनाथ न.पा.	गोरखनाथ मन्दिर, राधाकृष्ण मन्दिर	वेगनास ताल, रूपाताल लगायत ७ वटा ताल, सुन्दरीडांडा आदि ।
१८	कालिका	कालिका मन्दिर, ठूलाकोट भैरवस्थान	ठूलाकोट, देउमाडीडांडा
मादी गाउँपालिका			
१	भाचोक	चेवांग छेवांग गुम्बा	लम्तरी लेक

२	सैमराङ्ग	भगवती मन्दिर, लम्तरी माई	लम्तरी लेक
३	सिल्दुजुरे	सिल्दु मन्दिर, मैपुल पोखरी नयाँ मन्दिर	घडेरीडांडा, थाक डांडा, तप्राङ मैदान
४	पार्चे	फैमाक्यु, माउदु, क्युफि	सिक्लेस गाउँ, पार्चे गाउँ दुधपोखरी लेक
५	थुमाकोडांडा	याङजाकोट गुरुङ बस्ती	थुमाकोडांडा थुमबाट हिमालको दृश्यावलोकन गर्न सकिने
६	कालिका	सुनपर्देली शिवमन्दिर	तम्लेकडांडा, थाम डांडा
अन्नपूर्ण गाउँपालिका			
१	ढिकुरपोखरी	पाँउदुर कोट	नाउडाँडाँ भ्यु टप, चाकल डाँडा
२	घान्द्रुक	मेश्रम बराह, तौजि बराह, पोज नेब बराह, कोटडांडा, गुम्बा, डयोवराह ताल	माछापुच्छ्रे बेस क्याम्प, अन्नपूर्ण बेस क्याम्प
३	सल्यान	भुमेको मन्दिर	सितल गुफा, सिइको थान पाराग्लाइडिङ
४	दाङसिङ	दाङसिङकोट मौला, वाहकोट मेश्रमवराह	उल्लेरी, तिखेढुङ्गा
५	लुम्ले	काँढे, लुम्ले, नयाँपुल	लान्द्रुक, अन्नपूर्ण पैदलमार्गहरु
माछापुच्छ्रे गाउँपालिका			
१	घाचोक	शिवालय गुठी मन्दिर	
२	लाहाचोक	अर्मलाकोट मन्दिर	पातिखोला गुफा, अर्मला भ्युपोइन्ट
३	रिभान	शिवालय मन्दिर, सिद्ध बराह गुडी मन्दिर	
४	सार्दीखोला		भुर्जुङखोला उपत्यका, खारापानी तातोपानी, हिलटप
५	धम्पुस	धम्पुसकोट,भुमे मन्दिर,नेवोताल वराह, सिद्धवराह मन्दिर	पाराग्लाईडिङ स्पोट, इकोपार्क देउराली, धम्पुस देउराली
रुपाकोट गाउँपालिका			
१	रूपाकोट	वराह मन्दिर, चिसापानी मन्दिर	वराहथोक कोट, भिरचोक कोट, रूपातालको दृश्यावलोकन
२	थुम्की	जटेश्वरको मन्दिर, चण्डीस्थान मन्दिर	फल्याङकोट दरवार, चण्डीस्थान डाँडा
३	देउराली	कालिका मन्दिर, शिवको मन्दिर,	कालिका पिकनिक स्थल, भ्युटावर रिपश्धाराकोट
४	हंसपुर	स्याक्लुङ कोट, लिप्यानी, रामकोट, भुमेस्थान, देउराली मन्दिर, औतारी माईको स्थान, सरस्वती मन्दिर	ईन्द्र गुफा

श्रोतः- गाउँपालिका/नगरपालिकाको वस्तुगत विवरण २०७४, तथ्याङ्क कार्यालय, कास्की

११.२ पदमार्ग

तालिका नं.११.२ पोखरालाई शुरुवात गन्तव्य मानी गण्डकी प्रदेशमा रहेका पद मार्गहरु

क्र.सं.	पदमार्गको नाम	पदमार्गमा लाग्ने दिन
अन्नपूर्ण हिमाल ॠखला अन्तरगतका पदमार्गहरु		
१	अन्नपूर्ण वेस क्याम्प पदमार्ग	७-१० दिन
२	अन्नपूर्ण परिक्रम मार्ग	१४-१८ दिन
३	घोरेपानी, घान्द्रुक पदमार्ग (पुन हिल)	४-७ दिन
४	मार्दी हिमाल पदमार्ग	५-७ दिन
५	खयर बाराही/खोप्रा ट्रेक	७-९ दिन
६	अन्नपूर्ण सामुदायिक पद यात्रा	७-८ दिन
७	माछापुच्छ्रे मोडेल पदयात्रा	७/८ दिन
८	कपुजे लेक पदयात्रा	५-७ दिन
९	पञ्चासे पदयात्रा	४-५ दिन
१०	फेवा फेरो पदयात्रा	४-५ दिन
११	रोयल पदयात्रा	३- ४ दिन
१२	मिलिनियम पदयात्रा	५-७ दिन
१३	घान्द्रुक परिक्रमा पदयात्रा	४-५ दिन
१४	धम्पुस/अस्ट्रेलियन क्याम्प पदयात्रा	२-३ दिन
१५	सिक्लेस इको पदयात्रा	४-५ दिन
१६	हिडन लेक पदयात्रा	६-८ दिन
१७	मेसोकान्तला पास पदयात्रा	१४-१८ दिन
१८	नार-फु पदयात्रा	९-१० दिन
१९	दाङसिङ्ग मोहरिया पदयात्रा	५-७ दिन
२०	पर्वत इको पदयात्रा	५-६ दिन
२१	जोम्सोम मुक्तीनाथ पदयात्रा	७-१० दिन
२२	अपर मुस्ताङ पदयात्रा	१२-१४ दिन
२३	नार फुतरिला पास	१६-२५ दिन
२४	सिरुवाङ पास	२५-२८ दिन
२५	पोन्कर ताल पदयात्रा	७-१० दिन
२६	किर्कु पास पदयात्रा	७-९ दिन
२७	नामुल्ला पास पदयात्रा देखि तिमाङ्ग	१२-१४ दिन
२८	अन्नपूर्ण उत्तर वेस क्याम्प पदयात्रा	७-१० दिन
२९	नारचाङ्ग निरगिरी वेस क्याम्प पदयात्रा	२०२४ दिन
३०	अन्नपूर्ण सेभेन पासेस पदयात्रा(बेसीशहर-नाचे-तिलेहे - नारफु-मनाङ-तिलिचो ताल-मेसोकान्ता-जोमसोम)	२०-२४ दिन

३१	मिर्लुङ्गकोट पदयात्रा	
३२	रोयल पदयात्रा	
३३	ताङतिङ्ग -भुजुङ्ग- बेशीशहर पदयात्रा	
३४	गुरुङ सांस्कृतिक पदयात्रा	
धौलागिरी हिमऋृंखला अन्तरगतका पदमार्गहरु		
१	धौलागिरी चक्रपथ पदयात्रा	१८-२१ दिन
२	गुर्जा हिमाल पदयात्रा	१२-१४ दिन
३	चुरिन हिमाल पदयात्रा	१२-१४ दिन
४	धौलागिरी दक्षिण वेस क्याम्प पदयात्रा	१०-१२ दिन
५	ढोरपाटन इको पदयात्रा	७-१० दिन
६	धौलागिरी आइस फल पदयात्रा	८-१० दिन
मनास्लु हिमऋृंखला अन्तरगतका पदमार्गहरु		
१	मनास्लु चक्रपथ पदयात्रा	१७-२० दिन
२	तल्लो मनास्लु पदयात्रा	७-८ दिन
३	चुम उपत्यका पदयात्रा	२०-२२ दिन

Source- Trekking Agencies' Association of Nepal, Gandaki, Pokhara, 2080

तालिका नं.११.३ भिसाको प्रकार अनुसार पर्यटक भिसाको म्याद थप सम्बन्धी संख्या

आ.व.	भिसाको प्रकार					पदयात्रा अनुमति
	पर्यटक	विवाह	एन आर एन	नाता	जम्मा	
२०७९/८०	६५१०	१५६	२०४	८६९	**७७३९**	२०३
२०७८/७९	४२३४	१५६	१६९	७२८	**५२८७**	७९
२०७७/७८	३०२४	९७	९८	४६६	**३६८५**	१६

श्रोतः- अध्यागमन कार्यालय, पोखरा, २०८०

तालिका नं.११.४ पदयात्रा अनुमती दस्तुर सम्बन्धी विवरण

क्र.सं.	क्षेत्र	पदयात्रा अनुमती पत्र दस्तुर	म्याद थप शुल्क
१	उपल्लो मुस्ताङ	USD ५०० प्रति व्यक्ति (पहिलो १० दिन)	USD ५० प्रति व्यक्ति प्रति दिन (१० दिन पछि)
२	उपल्लो डोल्पा	USD ५०० प्रति व्यक्ति (पहिलो १० दिन)	USD ५० प्रति व्यक्ति प्रति दिन (१० दिन पछि)
४	मनाङ	USD १०० प्रति व्यक्ति पहिलो हप्ता (Sep देखि Nov.सम्म)	USD १५ प्रति व्यक्ति प्रति दिन (१ हप्ता पछि)
		USD ७५ प्रति व्यक्ति पहिलो हप्ता (Dec देखि Aug सम्म)	USD १५ प्रति व्यक्ति प्रति दिन (१ हप्ता पछि)
६	गोरखा मनास्लु क्षेत्र	USD १०० प्रति व्यक्ति पहिलो हप्ता (Sep देखि Nov. सम्म)	USD १५ प्रति व्यक्ति प्रति दिन (१ हप्ता पछि)

		USD ७५ प्रति व्यक्ति पहिलो हप्ता (Dec देखि Aug सम्म)	USD १० प्रति व्यक्ति प्रति दिन (१ हप्ता पछि)
८	गोरखा चुम उपत्यका क्षेत्र	USD ४० प्रति व्यक्ति पहिलो हप्ता (Sep देखि Nov. सम्म)	USD ७ प्रति व्यक्ति प्रति दिन (१ हप्ता पछि)
		USD ३० प्रति व्यक्ति पहिलो हप्ता (Dec देखि Aug सम्म)	USD ७ प्रति व्यक्ति प्रति दिन (१ हप्ता पछि)

श्रोतः- अध्यागमन कार्यालय, पोखरा, २०८०

११.३ होटल तथा रेष्टुरेन्ट

नेपालको पर्यटकीय नगरी पोखरामा सुविधा सम्पन्न होटल तथा लज सुविधा र लक्जरी रिसोर्टहरु संचालनमा आएका छन् । स्वदेशी तथा विदेशी दुवै पाहुनालाई गुणस्तीय सेवा दिने उद्देश्यका साथ व्यवसाय संचालन हुदै आएको छ । होटल व्यवसायको उत्थान, विकास र प्रवर्धनका निमित्त पोखरामा होटल संघ पोखरा, पृथ्वी होटल व्यवसायी समिति पोखरा र रेष्टुरेन्ट एन्ड बार एसोसिएसन (रेवान) पोखराले समन्वय, सहजीकरण र सहयोग गर्दै आएको छ । कास्की जिल्लामा करिब १२०० वटा पाँच तारे देखि विभिन्न स्तरका होटल तथा लजहरु संचालनमा आएका छन् । होटल व्यवसायलाई टेवा दिने गरी करिब १०५ वटा स्तरीय रेष्टुरेन्ट संचालनमा छन् । होटल संघ पोखरामा पर्यटकीय स्तरका ४०० वटा होटल तथा लज र पृथ्वी होटल व्यवसायी समितिमा १९० वटा होटल तथा लजहरु आबद्ध रहेका छन् । अन्य होटलहरु पोखराका आसपास र गाउँपालिकाहरुमा संचालनमा आएका छन् । कास्कीमा होटल तथा लजहरुमा करिब ४०,००० वटा बेड उपलब्ध रहेको छ । प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा करिब २५,००० जनाले यस क्षेत्रमा रोजगारी पाएका छन् । माथि उल्लेखित संघ, समिति र रेवानले व्यवसायीहरुको हक हित र संरक्षणमा मात्र नभई पोखरा र यस प्रदेशमा रहेका साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरुको संरक्षण, सम्बर्धन र विभिन्न माध्यमहरुबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पर्यटन प्रबर्धन एवम् उत्सव महोत्सव संचालन गर्दै आएका छन् । साथै विभिन्न निकायहरुसँगको समन्वयमा होटल क्षेत्रमा देखिएको दक्ष जनशक्तिको अभावलाई पुर्ति गर्न अल्पकालिन र क्षमता अभिवृद्धि तालिम समेत संचालन गर्दै आएको छ । पोखरा र गण्डकी प्रदेशमा पदयात्रा पर्यटन, धार्मिक पर्यटन, साहसी पर्यटन, खेल पर्यटन लगायत विभिन्न क्षेत्रका पर्यटन गतिविधि मार्फत पर्यटन प्रवर्धन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा आयोजना हुने मार्ट, फेयर, अभियान, गोष्ठी लगायत पर्यटन प्रवर्धनका कार्यक्रमहरुमा सहभागी हुँदै सम्बन्धित पक्ष र निकायहरुमा पर्यटन प्रवर्धन अभियानको लागि ठोस योजना र नीति निर्माणका लागि ध्यानाकर्षण गराउदै आएको छ । पर्यटन सेवाको पूर्वाधारको रुपमा पोखरामा करिब १६५ वटा ट्राभल एजेन्सी र १५८ वटा ट्रेकिङ एजेन्सीहरु संचालनमा रहेका छन् ।

प्रवर्धनात्मक कार्यक्रममा नेपाली पर्यटकलाई लक्षित गरी "जाउ" है पोखरा" , भारतीय पर्यटकहरुलाई लक्षित गरी "चलिए पोखरा ", विदेशी पर्यटकहरुलाई नेपाली सांस्कृतिक परम्पराको जानकारी गराई यस क्षेत्रको पर्यटन प्रर्वधन गर्ने उदेश्यले भाईटिका महोत्सव, "पर्यटन, सँस्कृति, खाना" भन्ने नाराका साथ "फेवा नववर्ष महोत्सव" र चीन, बंगलादेश, श्रीलंका लगायत अन्य मुलुकका अन्तर्राष्ट्रिय पर्यटकहरुलाई लक्षित गरि संचालन गरिने कार्यक्रम Pokhara Pure & Perfect संचालन हुदै आएका छन् । कास्कीमा रहेका होटल, लज तथा रिसोर्टहरुको गतिविधिहरु होटल संघले संचालन गरेका कार्यहरुको जानकारी दिने उदेश्यले वार्षिक रुपमा Tourism News Bulleting प्रकाशन हुदै आएको छ । प्राकृतिक प्रकोपमा परेका घरपरिवारलाई मानवीय

सहायताको लागि, विभिन्न पर्यटन प्रवद्र्धनात्मक कार्यक्रमहरुमा, साँस्कृतिक, प्राकृतिक सम्पदाहरुको संरक्षण, सम्बर्धन र प्रवर्धनमा, फेवाताल संरक्षणमा आर्थिक सहयोग गर्दै आइरहेको छ ।

क) पर्यटक होटल-

तालिका नं.११.५ कास्कीका तारे तथा डिलक्स स्तरका होटलहरुको विवरण

क्र.सं.	होटल तथा रिसोर्टको नाम	जम्मा कोठा संख्या	स्तर
१	पोखरा ग्रान्ड	१४०	पाँच तारा
२	होटल बाराही प्रा.लि.	८५	चार तारा
३	होटल माउण्टेन कैलाश रिसोर्ट	६०	चार तारा
४	होटल लेण्डमार्क रिसोर्ट पोखरा	९५	चार तारा
५	हेरिटेज होटल सुइटस एण्ड स्पा	६०	चार तारा
६	होटल सरोवर प्रा.लि.	९६	दुई तारा
७	फिस्टेल लज	६०	दुई तारा
८	होटल ड्रागन	२५	दुई तारा
९	होटल माउण्टन टप	२०	दुई तारा
१०	होटल कान्तीपुर प्रा.लि.	४१	डिलक्स रिसोर्ट/चार तारा समान
११	बल पिपल रिसोर्ट	३५	डिलक्स रिसोर्ट/चार तारा समान
१२	अतिथि रिसोर्ट	५०	डिलक्स रिसोर्ट/चार तारा समान
१३	ट्याम्पल ट्री रिसोर्ट	६०	डिलक्स रिसोर्ट/चार तारा समान
१४	माउण्टेन ग्लोरी फरेस्ट रिसोर्ट	६४	डिलक्स रिसोर्ट/चार तारा समान
१५	वाटर फ्रन्ट रिसोर्ट	४५	डिलक्स रिसोर्ट/चार तारा समान
१६	हिमालय देउराली रिसोर्ट	४२	डिलक्स रिसोर्ट/चार तारा समान

श्रोतः- होटल संघ पोखरा,२०८०

माथि उल्लेखित होटल तथा रिसोर्टहरु बाहेक पोखरा ३८४ वटा पर्यटक स्तरीय होटलहरु रहेका छन् ।

ख) लक्जरी रिसोर्ट-

पछिल्लो समय पोखरामा आरामदायी विलासी रिसोर्ट खुल्ने क्रम बढ्दो छ । लक्जरी रिसोर्टको बसाइ पाँचतारे होटेलको भन्दा खर्चिलो हुने गर्दछ । रिसोर्ट सहरी कोलाहलभन्दा बाहिर नदी र तालको किनार, डाँडाकाँडा वा जंगलको बीचमा शान्त र रमणीय ठाउँहरूमा सञ्चालन गरिन्छ । रिसोर्टमा शान्त र खुलापन महसुस हुन्छ । रिसोर्टमा अग्ला भवन नबनाई छुट्टाछुट्टै भिल्ला निर्माण गरिने हुँदा ठूलो ठाउँ चाहिन्छ । लक्जरी क्लासका रिसोर्टमा मौलिकता झल्काउने स्विट भिल्ला निर्माण गरिएको हुन्छ । रिसोर्टमा ठूलो बेडरुम, फराकिला बाथरुम, निजी स्विमिङ पुल, साउना, स्पा, मेडिटेसन लगायतका सुविधा हुन्छन् । मौलिक र आधुनिक शैली फ्युजन गरेर निर्माण गरिने भिल्ला उच्चस्तरको सामान प्रयोग गरी 'वल्ड क्लास' फिनिसिङ गरिएको हुन्छ । आतिथ्य सत्कार पनि बेग्लै हुन्छ । सम्भव भएसम्म रिसोर्टले अर्गानिक खाना खुवाउँछन् । मेडिटेसन मुख्य आकर्षण हुने गर्छ । यी सुविधाका लागि पर्यटकले जति पनि पैसा तिर्न तयार हुने र लक्जरी रिसोर्टमा धेरै कोठा बनाइँदैन ।

१. दी पेभिलियन हिमालयजः-

ब्रिटिस नागरिक डगलसले पोखरामा दी प्याभिलियन हिमालयज द फार्म र प्याभिलियन हिमालयज लेक भ्यु टेन्टेड क्याम्प सञ्चालन गर्दै आएका छन् । रातमाटे पुम्दीभुम्दीमा सञ्चालित लेक भ्युमा आठवटा टेन्टेड भिल्ला रहेको छ । टेन्टेड भिल्लाको प्रतिव्यक्ति कर बाहेक एक सय तीस डलरदेखि तीन सय डलरसम्म लाग्दछ । पुम्दीभुम्दी चिसापानीमा रहेका द फार्ममा ४० स्विट छन् । यो देशकै एक मात्र शतप्रतिशत इकोफ्रेन्ड्ली रिसोर्ट हो । द फार्ममा बस्न करबाहेक एक सय पचास डलरदेखि तीन सय पचास डलर सम्म लाग्दछ ।

२. दोर्जे रिसोर्ट एन्ड स्पा-

पोखराको सेदी बगरमा नेपाली मौलिक र आधुनिक शैली फ्युजन गरी 'दोर्जे रिसोर्ट एन्ड स्पा' सञ्चालनमा आएको छ । ३१ रोपनी क्षेत्रफलमा निर्माण गरिएको भिल्लाहरूले पुरानो गाउँकै झझल्को दिलाउँछ । पर्यटक आकर्षित गर्न नेपाली ढुंगा कुँदेर रिसोर्ट बनाएको छ । रिसोर्टका २३ कोठाबाटै फेवातालको सुन्दर दृश्य हेर्न पाइन्छ । रिसोर्टमा नेपालीलाई प्रतिदिन २२ हजारदेखि ४० हजार रुपैयाँ तोकिएको छ । विदेशीलाई कर बाहेक प्रतिदिन दुई सय ५० देखि ६ सय ५० डलरसम्म पर्दछ ।

३. सराङकोट माउन्टेन रिसोर्टः-

आँखैअगाडि माछापुच्छ्रे, अन्नपूर्ण, धौलागिरी लगायतका हिमाल, पोखरा सहर, हेम्जाको फाँट, फेवाताल र शान्ति स्तुपा हेर्दै बस्न चाहनेलाई सराङकोट माउन्टेन रिसोर्ट उत्तम हुन सक्छ । यो रिसोर्टमा ३० कोठा छन् । यो रिसोर्टको सबैभन्दा आकर्षण भनेकै रुफटप स्विमिङ पुल हो, जहाँ हिमालको छाया देखिन्छ । रिसोर्टमा विदेशीका लागि स्विटको चार सय डलर र डिलक्सको दुई सय डलर रहेको र नेपालीलाई डिलक्सको १६ हजार र स्विटको ३२ हजार तोकिएको छ ।

४. होटल अन्नपूर्ण भ्यु सराङकोट

सराङकोटमै होटल अन्नपूर्ण भ्यु सराङकोटका सबै कोठाबाट हिमाल देखिन्छन् । बाथरुम पनि हिमाल देखिने गरी निर्माण गरिएको छ । यो होटलमा पर्यटकलाई कर बाहेक एक रातको करिब २०० देखि ३५० डलर सम्म तोकिएको बुकिङ डटकममा उल्लेख छ ।

५. टाइगर माउन्टेन पोखरा लज-

पोखरा महानगरपालिका वडा नं. २६ को कन्ननीडाँडामा रहेको टाइगर माउन्टेन पोखरा लज पनि महँगो रिसोर्ट हो । यो रिसोर्टमा बाह्य पर्यटकलाई कर बाहेक दैनिक पाँच सय डलर तोकिएको छ ।

६. रूपाकोट रिसोर्ट

रूपाकोट रिसोर्ट पोखरा क्षेत्रमै चर्चित छ । टिपिकल नेपाली शैलीमा निर्माण गरिएका भिल्लाहरूले सिँगो गाउँकै झल्को दिन्छन् । आँखैअगाडि हिमाल, तलपट्टी बेगनास ताल, रूपाताल र लेखनाथ सहर, वरिपरि घना जंगल देखिने रूपाकोट रिसोर्ट पोखराकै युनिक प्रोपर्टी हो । पोखरा पुग्ने जो कोहीको चाहना एकपटक रूपाकोट पुग्ने हुन्छ । रिसोर्टमा नेपालीले २४ हजारदेखि ४९ हजारसम्म र विदेशीले दुई सय २५ डलरदेखि पाँच सय २५ डलरसम्म तिर्नुपर्छ । भारतीयलाई १७ हजार भा.रु. देखि ३३ हजार भा.रु. सम्म तोकिएको छ ।

७. फिस्टेल लज-

पोखराको फिस्टेल लज कुनै समयको चर्चित रिसोर्ट हो । एक समय फिस्टेल लजको बसाइ धनाढ्यकै लागि सपना हुने गर्थ्यो । तर समय अनुसार लजको भौतिक पूर्वाधार र थप सेवा–सुविधाहरू स्तरोन्नति नगरिँदा रिसोर्ट ओझेलमा पर्दै गइरहेको भएता पनि पोखरामा आफ्नो पहिचान कायम राख्दै आएको छ । फेवातालमा बोटिङ गरेर पुगिने फिस्टेलको लोकेसन निकै प्रिमियम छ । रिसोर्टको कोठाको दर २४ हजार देखि ७२ हजारसम्म रहेको बुकिङ डटकममा उल्लेख छ ।

११.४ होमस्टे

तालिका नं.११.६ कास्की जिल्ला सञ्चालनमा रहेका होमस्टेहरु

क्र.स.	होमस्टेको नाम	ठेगाना	सम्पर्क नं.
१	कालाबाङ घरेडी	पोखरा -२२, कास्की	९८४६०४१८०५
२	ल्वाङ	माछापुच्छ्रे – ८, कास्की	९८१९१५९४५९
३	मर्दी हिमाल	माछापुच्छ्रे-६,कास्की	
४	दमदमे	पोखरा-२३,कास्की	९८०६५२६११२
५	सिधाने	पोखरा-२३,कास्की	
६	सदिक्षा	माछापुच्छ्रे-४,कास्की	९८४६९९५४२
७	ठूलाखेत	पोखरा-२३,कास्की	
८	थिताल हेम्जाकोट	माछापुच्छ्रे-६,कास्की	९८४६२८०३१०
९	घलेल	माछापुच्छ्रे-८,कास्की	९८४६३५५२४७
१०	काहुँ धरहरा प्रिमियम	पोखरा- ११,कास्की	
११	वाचोक	मादी-११,कास्की	
१२	सिक्लेस	मादी-१,कास्की	९८२६१२०३६२
१३	पचभैया	पोखरा-३१,कास्की	९८५६०३७०८२
१४	चिप्ली	मादी-६,कास्की	
१५	भैंडावारी	माछापुच्छ्रे-६,कास्की	
१६	मोहोरिया	रुपा-६,कास्की	९८४६११५६५९
१७	कुइवाङ	माछापुच्छ्रे-१,कास्की	
१८	बाकोट होमस्टे व्यवस्थापन समिति	अन्नपूर्ण-८,कास्की	
१९	कोलेली	माछापुच्छ्रे-८,कास्की	९८५६०३७१२५
२०	ढिकीडाँडा	पोखरा-१६, हरपाक	
२१	लब्लीहिल	पोखरा-१८, लब्लीहिल, कास्की	
२२	सिधिङ	माछापुच्छ्रे-९, सिधिङ,कास्की	
२३	तामाङ	माछापुच्छ्रे-९, तक्रो	९८४९५२१५३६
२४	जाँठ है हिमाल	माछापुच्छ्रे-९,चयन, कास्की	९८५६०३५३४५
२५	माछापुच्छ्रे भेडाबारी	माछापुच्छ्रे-६, भेडाबारी	९८४६०२१४३९

२६	चिलाउनेखर्क	पोखरा-२१ ,कास्की	
२७	अर्मलाकोट पर्यटन प्रबर्द्धन	पोखरा-१६, अर्मलाकोट,कास्की	९८४६७४४०९२
२८	चापाकोट देउराली	पोखरा-२३,कास्की	
२९	ताङतिङ	मादी-२ ,कास्की	
३०	याङ्जाकोट	मादी-३,कास्की	९८५६०३८८३१
३१	रिँजे मासा	पोखरा -१६ ,कास्की	९८५१०२२९७९
३२	माछापुच्छ्रे सामुदायिक अर्गानिक	पोखरा-१ टुसे,कास्की	
३३	मिर्सा	पोखरा-१,कास्की	९८१६६३२३५४
३४	गुरुङ	अन्नपूर्ण- ४, भदौरे, कास्की	
३५	गर्लाङ	पोखरा -१६, गर्लाङ, कास्की	९८१६६६६९४७
३६	आमा	माछापुच्छ्रे-६, धिताल, कास्की	९८४६३९६२३८
३७	पञ्चासे	पोखरा-२३, कास्की	
३८	घलेखर्क	माछापुच्छ्रे, कास्की	
३९	ठुला स्वारा	मादी-५, कास्की	
४०	स्याक्लुङकोट	रुपा-६ , कास्की	
४१	शिवालय	पोखरा-२१, कास्की	
४२	मेहश्राम	अन्नपूर्ण, कास्की	
४३	काभ्रे	माछापुच्छ्रे-२, कास्की	
४४	भिरचोक	रुपा-६ , कास्की	
४५	लिपेयानी रोयल ट्रयाक	मादी-१२, कास्की	
४६	भुम्दी टुनार	पोखरा-२२, कास्की	
४७	हरिपाउ	पोखरा-१६, कास्की	
४८	मालागिरी	पोखरा-२१, कास्की	
४९	तमु ह्युल सामुदायिक	अन्नपूर्ण, कास्की	

श्रोतः-उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, पर्यटन शाखा, गण्डकी प्रदेश,२०८०

११.५ संग्रहालय

कास्की जिल्लाको पोखरामा अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय, पोखरा स्मृति संग्रहालय, गोर्खा संग्रहालय, क्षेत्रीय संग्रहालय, नेवाः संग्रहालय (नालाको मुख) र अन्नपूर्ण पुतली संग्रहालय रहेका छन् । यी संग्रहालयहरुका आ-आफ्नै विशेषता रहेका छन् ।

क) अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय-

पोखरा महानगरपालिका–१७ स्थित १ सय रोपनीमा फैलिएको परिसरको करीब ६ रोपनी ८ आना क्षेत्रफलमा निर्मित संग्रहालय २०६१ साल माघदेखि सञ्चालनमा आएको हो । पछिल्ला समयमा स्वदेशी एवं विदेशी पर्यटकको निकै चाप हुने गरेको संग्रहालयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुसन्धानदाता एवं साहसिक पर्यटनका प्रेमीहरू आउने गरेका छन् । संग्रहालयमा ८ हजारभन्दा बढी उचाइ भएका १४ वटा, ७ हजार ५ सयदेखि ७

हजार ९ सय ९९ सम्मका ४०, ६ हजारदेखि ६ हजार ९ सय ९९ सम्मका ६ सय ३ सहित कूल १ हजार ९ सय १३ वटा हिमचुचुरा सम्बन्धमा एकै ठाउँबाट जानकारी दिन सक्ने व्यवस्था मिलाइएको छ । संग्रहालय अवलोकनका लागि विद्यार्थीलाई ५० र सर्वसाधारण नेपालीका लागि रु १०० शुल्क लाग्ने व्यवस्था गरिएको छ भने सार्क अन्तर्गतका पर्यटकलाई रु २५० र अन्य मुलुकका विदेशीका लागि रु ५०० शुल्क निर्धारण गरिएको छ । संग्रहालयमा आउने पर्यटकले पर्वतारोहण, पदयात्रा, स्किइङलगायतका पक्ष एकसाथ अवलोकन गरी जानकारी लिन सक्ने व्यवस्था मिलाइएको छ । विविधतायुक्त नेपालका विभिन्न जातजातिको संस्कृति र परम्परा अध्ययन गर्न सकिने संग्रहालयमा परम्परागत जातीय भेषभूषामा मानिसका जोडी सजाएर राखिएको छ । संग्रहालयले हिमालदेखि तराई र पहाडको संस्कृति झल्काउँछ। एशियाकै नमूनाका रुपमा रहेको संग्रहालयमा भारत, पाकिस्तान, चीन,जापान, स्लोभानिया, ताइवान, अस्ट्रेलिया, बेलायत, अमेरिका, इजरायल, कोरिया लगायतका विभिन्न देशका पर्वतीय गतिविधि झल्काउने सामाग्री पनि प्रदर्शन गरिएको छ ।

ख) क्षेत्रीय संग्रहालय-

यो संग्रहालय पोखरा महानगरपालिका-९, नयाँ बजारमा रहेको छ ।

तालिका नं.११.७ क्षेत्रीय संग्रहालयमा अवलोकन गर्न आएका पर्यटकहरुको विवरण

पर्यटक	२०७७/७८	२०७८/७९	२०७९/८०
नेपाली विद्यार्थी	२१३	५२४६	८६००
नेपाली सर्वसाधारण	६४४	३२२१	५६९४
सार्क देशका विदेशी	४०	७४५	११५८
अन्य देशका विदेशी	०	५५	१६३
जम्मा	**८९७**	**९२६७**	**१५६१५**

श्रोतः- प्रदेश संग्रहालय पोखरा, २०८०

११.५ मनोरञ्जन स्थल तथा क्रियाकलाप

क) मनोरञ्जन पार्क, उद्यान-

१. कोमागाने मितेरी पार्क (बैदाम) २. बसुन्धरा पार्क (बैदाम) ३. चिल्ड्रेन पार्क (पर्स्याङ) ४. फूलबारी पार्क ५. मनकामना पार्क ६. शान्ती बन बाटिका (पोखरा वडा नं. ९ र १०) ७. राष्ट्रिय विभुति तथा सहिद पार्क (पोखरा- १८) ८. जनता पार्क (पोखरा-३०) ९. विकल्प पार्क (पोखरा-३०) १०. झण्डा पार्क (महेन्द्रपुल)

ख) सिनेमा हल-

पोखरामा बिन्दवासिनी फिल्म हल, कल्पना फिल्म हल, मिडटाउन सिनेमास र पोखरा सिनेप्लेक्स (पोखरा ट्रेड मल) रहेका छन् ।

ग) सांस्कृतिक कार्यक्रम स्थल-

पोखराको न्यूरोडमा रहेको सभागृह हल विभिन्न सांस्कृतिक, राजनैतिक तथा नागरिक समाज लगायत विभिन्न कार्यक्रम गर्ने स्थलको रुपमा परिचत रहेको छ ।

घ) मनोरञ्जनका क्रियाकलापहरु-

१. छोटो पैदल यात्रा (Hiking) : -

कास्की जिल्लाको काहुँडाँडा, सराङकोट, कास्कीकोट, नाउँडाँडा, अस्ट्रेलियन क्याम्प, अस्ताम, अर्मलाकोट, रुपाकोट, पचभैया, कालिकास्थान, पुम्दी, मट्टीखान, निर्मलपोखरी, घार्मी, ठूलाकोट, धम्पुस, आदि स्थानहरुमा पैदल यात्रा गर्न सकिन्छ ।

२. प्याराग्लाइडिङः(Paragliding) :-

पोखराको सराङकोट (मान्द्रेढुङ्गा) बाट उडान भरी फेवातालको सिरान भकुण्डे र पामेमा अवतरण हुन्छ । पोखरामा प्याराग्लाईडबाट मनोरञ्जन लिनेहरुको लागि प्याराग्लाईडीङ कम्पनीहरूमा Bluesky, Sunrise, Paranova, Sarangkot, Annapurna, Frontiers, Avia बाट सेवा उपलब्ध हुने गर्दछ ।

३. अल्ट्रालाइट र गाइरोकप्टर उडान (Ultra Light and Gyrocopter Flight):

आकासबाट पोखरा उपत्यका वरीपरिको र हिमाली दृष्य अवलोकलनका लागि पुरानो इअरपोर्टबाट उडान भइ अल्ट्रालाइट र गाइरोकप्टर उडानबाट सेवा लिन सकिन्छ ।

४. राफ्टिङ / कायकिङ (Rafting / Kayaking)-

पोखराको सेती नदीमा राफ्टिङ सञ्चालनमा हुन्छ । पोखराबाट त्रिसुली नदी, मर्स्याङदी नदी र कालीगण्डकी नदीमा राफ्टिङ / कायकिङ सेवा उपलब्ध रहेको छ ।

५. Mountain Biking -

पोखराबाट काहुँडाँडा, सराङकोट, कास्कीकोट, अस्ताम, पञ्चासे, जोमसोम र बाग्लुङ आदि स्थानहरु जानको लागि माउण्टेन बाइकको सुविधा रहेको छ ।

६. जिपलाइन फ्लाइङ (Zipline Flyer)-

पोखराको सराङकोटबाट हेम्जा तर्फ १.८ कि.मी. को दुरीमा प्रतिघण्टा १०० कि.मी. को वेगमा जिपलाइन फ्लाइङ सेवा रहेको छ ।

७. Bunjee Jumping and Giant swing -

पोखरा महानगरपालिको सेती नदीमाथी विरौटामा यो सेवा रहेको छ ।

८. क्यानोनिङ (Canyoning)-

कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिकाको घलेल गाउँमा क्यानोनिङको सुविधा रहेको छ ।

९. गल्फ (Golf)-

पोखरामा हिमालय गल्फ र यति गल्फ सुविधा रहेको छ ।

१०. केबल कार (Cable Car) –

पोखराको लेकसाइड सेदीबगर देखि सराङकोट सम्म २.४ कि.मी. दुरीको करिब ९ मिनेटको अन्नपूर्ण केबल कार सुविधा रहेको छ ।

११. डुङ्गाको सुविधा (Boating)-

पोखराको फेवा ताल र वेगनास तालमा डुङ्गाको सुविधा रहेको छ ।

१२. माछा मार्ने (Fishing)-

फेवाताल र वेगनास तालको तोकिएको स्थानमा र केही माछापोखरीमा मनोरञ्जनका लागि माछा मार्न लेकसाइडमा fishing rods पाइन्छ ।

१३. भिर मौरीको महकाढ्ने (Honey Hunting)-

कास्की जिल्लाको अन्नपूर्ण-७, लान्द्रुक र मादी गा.पा.-१, सिक्लेसमा भिरमैरीको मह काढेको हेर्ने वा आफै मह काढ्न सकिन्छ ।

१४. सेतीनदीको खोच अवलोकनः-

नेपालका अन्य नदीमा नभएको खोच सेती नदीमा गहिरो भएर बगेको दुर्लभ दृष्य हेर्नका लागि विभिन्न स्थानहरुमा अवलोकन स्थलहरु रहेका छन् ।

१५. Hot ballon-

फेवातालको किनारबाट हट बेलुन उडी अन्नपूर्ण र माछापुच्छ्रेका साथै पोखराको दृष्यावलोकन गर्नका लागि सुविधा रहेको छ ।

१६. तिब्बेतियन क्याम्प अवलोकनः-

तिब्बतबाट शरणार्थीको रुपमा धेरै समय देखि बसोबास गर्दै आएका छोरेपाटन, पृथ्वीचोक र हेम्जाका तिब्बतीहरुको क्याम्पमा तिब्बतीहरुको धर्म, संस्कार, रहनसहन र भेषभुषाको अवलोकन गर्न सकिन्छ ।

१७. पुतली र चरा अवलोकनः-

पोखराको अन्नपूर्ण पुतली संग्रहालयमा विश्वका १५ वटा पुतलीको परिवार समुहमध्ये ११ वटा समुहका र ५०० प्रजातिका पुतली पोखराको वरीपरिको क्षेत्रमा पाइने हुनाले उक्त संग्रहालयमा चित्र अवलोकन गर्न पाइन्छ । त्यसै गरी पोखराको फेवातालको वरीपरी र पामे, वेगनास तालको वरीपरी र पचभैयाडाँडा र रुपातालको वरीपरी करिब ५२३ प्रजातिका चराहरु प्रत्यक्ष रुपमा अवलोकनको लागि Pokhara Bird Watching Tour सुविधा रहेको छ ।

खण्ड १२ स्थानीय प्रशासन तथा शान्ति सुरक्षा

१२.१ जिल्ला प्रशासन कार्यालय, कास्की

जिल्लामा शान्ति सु-व्यवस्था र अमन चयन कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्ने ध्येयका साथ जिल्ला प्रशासन कार्यालयहरुको स्थापना भएको पाईन्छ । स्थानीय प्रशासन ऐन, २०२८ को कार्यान्वयन मार्फत नागरिकको जीउधनको सुरक्षा गरी शान्ति सुव्यवस्था अमनचयन कायम गर्नु यस कार्यालयको प्रमुख कार्य जिम्मेवारी हो । नेपाल संघीय शासन प्रणालीमा गएसँगै जिल्ला प्रशासन कार्यालय जिल्लाको प्रमुख प्रशासनिक केन्द्र एवम् संघ सरकारको प्रतिनिधिको रुपमा रहेको छ । संघ, प्रदेश र स्थानीय तहबाट जिल्लास्तरमा हुने विकासका कार्यमा समन्वय र सहजीकरण एवम स्थानीय तह र प्रदेश सरकारका कानुन कार्यान्वयनमा आवश्यक सहयोग पुर्‍याउने, विपद् व्यवस्थापन आपूर्ति व्यवस्थापन एवम वस्तु तथा सेवाको गुणस्तरीयताको सुनिश्चतता प्रदान गर्ने र उपभोक्ताको हित संरक्षणमा सरोकारवाला निकाय बिच उचित समन्वय गर्दै अनुगमन गर्ने तथा सेवा प्रवाहको अनुगमन गर्ने, सार्वजनिक हित विपरितका गतिविधि नियमनका लागि मुद्दा दर्ता सोको कारबाही र किनारा गरी न्यायिक निरुपण गर्ने (अर्धन्यायिक निकाय), अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्रत्यायोजित अधिकारको प्रयोग गरी अनियमितता, भ्रष्टाचार उपर अनुसन्धान एवम कारबाही जस्ता कार्यहरु सम्पादन गरी जिल्लामा सुशासनको प्रत्याभुतिका लागि जिल्ला प्रशासन कार्यालयको महत्वपूर्ण भूमिका रहेको छ ।

जिल्लाको समग्र शान्ति सुरक्षाको अवस्थालाई सामान्य तुल्याई, कानून विपरितका गतिविधिहरुलाई कानूनी कारबाहीको दायरामा ल्याई सुदृढ शान्ति सुव्यवस्था अमनचयन कायम गरी नागरिकको जीउधनको सुरक्षा गर्दै प्रभावकारी सेवा प्रवाह समन्वय सहजीकरण नियमन मार्फत नागरिक हित र सुशासन प्रवद्धनका लागि जिल्ला प्रशासन कार्यालय कास्कीबाट विविध नियमित एवम् आकस्मिक कार्यहरु सञ्चालित छन् । उल्लेखित कार्यक्रमहरु सञ्चालनका लागि कार्यालयमा प्राप्त स्रोतसाधन, जनशक्ति उपकरण संयन्त्र लगायत जिल्लास्थितसुरक्षा निकायहरुको समन्वयात्मक परिचालनद्वारा जिल्लामा शान्ती सुरक्षाको स्थितिलाई सुदृढ बनाउने, जिल्लामा विधिको शासन सुनिश्चित गर्ने, विपद्को एकिकृत र समन्वयात्मक व्यवस्थापन गर्ने, आपुर्ति व्यवस्थापनलाई चुस्त बनाउने, सेवा प्रवाहलाई प्रभावकारी बनाउने, मानव अधिकारको संरक्षण गर्ने र पारदर्शिता एवम जवाफदेहिता सुनिश्चितताको प्रयास हुँदै आएको छ ।

तालिका नं.१२.१ जिल्ला प्रशासन कार्यालय कास्कीबाट प्रदान गरिने सेवाहरु

क्र.सं.	सेवा	सेवा दिने विषयहरु
१	स्थानीय प्रशासन तथा शान्ति सुरक्षा सम्बन्धी	शान्ति सुरक्षा, ठाडो उजुरी, नाम, थर वा उमेर आदि प्रमाणित, नावालकको उमेर प्रमाणित, पारिवारिक पेन्सन, शपथ पत्र र रहलपहल सम्बन्धि सिफारिस, दलित, आदिवासी, जनजाती, मुस्लिम, विपन्न खस आर्य सिफारिस, पारिवारिक विवरण प्रमाणित, छापाखाना दर्ता, शरणार्थी सम्बन्धी कार्य (परिचयपत्र नविकरण, यात्रा अनुमति सिफारिस) र विविध कार्य
२	राहदानी सम्बन्धी	विद्युतीय राहदानीको फारम प्रमाणिकरण, विद्युतीय राहदानीका लागि Biometric संकलन, राहदानी विभाग प्राप्त राहदानी वितरण र द्रुत सेवाका लागि अभिलेख प्रमाणिकरण (नाबालकको हकमा मात्र)

३	नागरिकता सम्बन्धी	वंशजका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र जारी, वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र, जन्मको आधारमा नेपालको नागरिकता प्रमाणपत्र लिएका नागरिकहरुका सन्तानलाई नेपाली नागरिकताको प्रमाणपत्र जारी, नेपालको नागरिक आमाबाट जन्म भई नेपालमा नै स्थायी बसोबास गरेको, बाबुको पहिचान हुन नसकेको व्यक्तिहरुको हकमा नेपाली नागरिकता प्रमाणपत्र जारी, पहिचान सहितको नेपाली नागरिकताको प्रमाणपत्र जारी, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी जारी, बैबाहिक अंगिकृत नेपाली नागरिकताको प्रमाणपत्र जारी, नेपाली नागरिकता प्रमाणपत्रमा नाम, थर, जन्ममिति संशोधन, पति, पत्निको नाम, थर, वतन थप/घट गरी नेपाली नागरिकताको प्रमाणपत्र तथा प्रतिलिपी जारी, अंगिकृत नेपाली नागरिकताको प्रमाणपत्रका लागि गृह मन्त्रालय सिफारिस, गैर आवासीय नेपाली नागरिकताको प्रमाणपत्र जारी ।
४	मुद्दा तथा ठाडो ऊजुरी, हातहतियार इजाजत नविकरण सम्बन्धी	गुनासो तथा ठाडो ऊजुरी र हातहतियार इजाजत पत्र नविकरण तथा नामसारी ।
५	पेन्सन सिफारिस	पारिवारिक पेन्सन, शपथ पत्र, दुई नाम, थर, जन्ममिति प्रमाणित, पेन्सन पट्टा बुझाई रहलपहल रकम लिने सिफारिस ।
६	संस्था दर्ता तथा नविकरण सम्बन्धी	संस्था दर्ता ऐन, २०३४ बमोजिम संघ संस्था दर्ता, संस्था नविकरण, संस्थाको विद्यान संशोधन, संस्थाको शाखा खोल्ने /कार्यक्रम सञ्चालन गर्ने अनुमति प्रदान, संघसंस्था खारेजी र संघसंस्था अनुगमन
७	आपूर्ति व्यवस्था अनुगमन सम्बन्धी	सहज आपूर्ति व्यवस्थापन सुनिश्चित गर्नका लागि बजार अनुगमन तथा नियमन ।
८	विपद् व्यवस्थापन सम्बन्धी	विपद् सम्बन्धमा नेपाल सरकारका निकायबाट भएको पूर्वानुमान सम्बन्धी सूचना सर्वसाधरणहरुमा प्रवाह गर्ने, विपद्मा भएको क्षतिको विवरण संकलन, विपद्का पीडित व्यक्तिहरुको विवरण संकलन र पीडितलाई राहत वितरण एवम् पुनःस्थापना, पुननिर्माण ।
९	राष्ट्रिय परिचयपत्र सम्बन्धी सेवा	राष्ट्रिय परिचयपत्रका लागि फारम तथा जैविक विवरण संकलन (Biometric, Enrollment & Verification), राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागबाट प्रिन्ट भई आएका राष्ट्रिय परिचयपत्र वितरण ।
१०	विकास आयोजना सुरक्षा तथा समन्वय सहजीकरण	
११	सुशासन प्रवद्धन, सूचनाको हक कार्यान्वयन	
१२	जिल्लामा हुने अतिविशिष्ट तथा विशिष्ट व्यक्तिहरुको सुरक्षा लगायत व्यवस्थापन	

श्रोतः- जिल्ला प्रशासन कार्यालय, कास्की, २०८०

तालिका नं.१२.२ जिल्ला प्रशासन कार्यालयमा विद्यमान जनशक्तिको विवरण :

सि.नं.	पद	दरवन्दी संख्या	पदपूर्ति संख्या
१	प्रमुख जिल्ला अधिकारी	१	१
२	सहायक प्रमुख जिल्ला अधिकारी	२	२
३	प्रशासकीय अधिकृत	४	४
४	नायव सुव्वा	१३	१३
५	कम्प्युटर अपरेटर	३	३
६	लेखापाल	१	१
७	खरिदार	६	६
८	हलुका सवारी चालक	३	३
९	कार्यालय सहयोगी	८	८
जम्मा		४१ जना	४१ जना

श्रोतः- जिल्ला प्रशासन कार्यालय, कास्की, (कर्मचारी प्रशासन शाखा), २०८०

तालिका नं.१२.३ जिल्ला प्रशासन कार्यालय कास्कीमा रहेको भौतिक स्रोतहरुको विवरण

क्र.स	भौतिक पक्ष	परिमाण
१	भवन	१७ वटाः- (कच्ची १० वटा १७४०६.०३ वर्ग मिटर र पक्की ७ वटा)
२	जग्गा	कित्ता नं १ कित्ता नं ६ कित्ता नं ९ कित्ता नं १३ र कित्ता नं २१४५ कित्ता नं ४१
२	सवारी साधन	गाडी - ५ वटा, मोटरसाइकल - २ वटा

श्रोतः- जिल्ला प्रशासन कार्यालय, कास्की, (जिन्सी शाखा), २०८०

जिल्ला प्रशासन कार्यालयबाट सम्पादित प्रमुख कार्यहरुको विवरणः-

तालिका नं.१२.४ संघसंस्था दर्ता, नविकरण, नामसारी, उजुरी र सिफारिस सम्बन्धी

क्र.सं.	कार्यको विवरण	आ.व. २०७८/०७९	आ.व. २०७९/०८०
१	संस्था दर्ता	११७	२०७
२	संस्था नविकरण	११५२	१३१९
३	नाबालिक परिचय	७९१	१२५३
४	ठाडो उजुरी	१०३८	२९४
५	पत्रपत्रिका दर्ता	१	५
६	विविध सिफारिस (दलित, जनजाती आदि)	५५९	५७४
७	तिब्बतीयन शरणार्थीको परिचयपत्र निवकरण	५००	४४३
८	शरणार्थीको लागि यात्रा बनुमती पत्र सिफारिस	२०	२३
९	हातहतियार नवीकरण	४४४	४०२
१०	हातहतियार नामसारी	४	१५
११	भु.पु. सैनिक पेन्सन सिफारिस	२७६५	१६७९

श्रोतः- आ.व. २०७९/८० को वार्षिक कार्य सम्पादन विवरण, जिल्ला प्रशासन कार्यालय, कास्की,२०८०

तालिका नं.१२.५ नागरिकता सम्बन्धी

क्र.सं.	कार्यको विवरण	आ.व. २०७८/०७९	आ.व. २०७९/०८०
१	वंशजको आधारमा नयाँ नागरिकता वितरण	१४७५३	११२१९
२	प्रतिलिपी नागरिकता वितरण	८७६१	८९१३
३	वैवाहिक अंगिकृत नागरिकता वितरण	१३	११
४	नेपाली नागरिकता परित्याग	१३	२०
५	नेपाली नागरिकता रद्द	५	३५

श्रोतः- आ.व. २०७९/८० को वार्षिक कार्य सम्पादन विवरण, जिल्ला प्रशासन कार्यालय, कास्की,२०८०

तालिका नं.१२.६ राहादानी सम्बन्धी

क्र.सं.	कार्यको विवरण	आ.व. २०७८/०७९	आ.व. २०७९/०८०
१	विद्युतीय राहादानी Enrollment	१३१३०	२५७२८
२	द्रुत सिफारिस (राहादानी विभागमा सिफारिस)	७७८	१९४
३	राहादानी वितरण	४५०	१७६६३
४	वितरण हुन बाँकी राहादानी (निवेदकहरु लिन नआएको)	४५०	८०६५
५	राहादानी बन्न बाँकी (प्रक्रियामा रहेको)	३२१४	१३२५

श्रोतः- आ.व. २०७९/८० को वार्षिक कार्य सम्पादन विवरण, जिल्ला प्रशासन कार्यालय, कास्की,२०८०

तालिका नं.१२.७ बजार अनुगमन तथा नियन्त्रण सम्बन्धी

क्र.सं.	कार्यको विवरण	आ.व. २०७८/०७९	आ.व. २०७९/०८०
१	क्रसर उद्योग	०	३
२	कृषि फलफूल तथा तरकारी पसल	०	७
३	मासु पसल	४	८
४	खाद्य पसल/खाद्य उद्योग	७२	८१
५	खाद्य नमुना संकलन	०	२
६	अस्पाताल (स्वास्थ्य केन्द्र समेत)	७	०
७	गुणस्तर (सुन)	०	१
८	हार्डवेयर	७	५
९	पानी उद्योग	१२	५
१०	होटल/रेष्टुरेन्ट	३६	२५
११	पेट्रोल पम्प/ग्यास उद्योग/विक्रेता	१५	१२
१२	दुग्ध उद्योग	३	०
१३	ढक तराजु/टयाक्सी मिटर	०	१५
१४	लागू औषध पुर्नस्थापना केन्द्रको अनुगमन	०	१३
१५	कस्मेटिक	०	३

